The Social Initiative of Pokhara Christian Community

# 2024 ANNUAL REPORT

वार्षिक प्रतिवेदन
२०८०/०८१



असल छिमेकी नेपाल
Asal Chhimekee Nepal

## VISION (दूरदृष्टि)

A Transformed Society
रूपान्तरित समाज

## MISSION (संस्थाको परिलक्ष्य)

Empowering Communities
समुदायको क्षमता अभिवृद्धि

## APPROACH (तरिका)

Integral and Participatory
सर्वाङ्गीण र सहभागिता

## VALUES OF ACN
मूल्य मान्यता

**ATTITUDE** (सोचाइ)

**SHARING** (बाँड्नु)

**ACTION** (कदम)

**LOVE** (प्रेम)



# विषय सूची


| | |
|---|---|
| **मन्तव्य** | **२–४** |
| अध्यक्षको मन्तव्य | २ |
| सचिवको वार्षिक प्रतिवेदन | ३ |
| धन्यवादका शब्दहरू | ४ |
| **संस्थाको परिचय** | **५** |
| **संस्थाको कार्यकारिणी समिति** | **५** |
| **संस्थाको सङ्गठनात्मक संरचना** | **६** |
| **आर्थिक वर्ष २०८०/८१ का मुख्य उपलब्धिहरूको सिंहावलोकन** | **७–१०** |
| १. विपद् प्रतिकार्य सहयोग | ११ |
| १.१. भूकम्प प्रभावितका लागि निर्माण सामग्री सहयोग परियोजना | ११–१२ |
| १.२. विपद्बाट प्रभावित समुदायका लागि राहत तथा पुनर्लाभ सहयोग परियोजना | १३–१४ |
| १.३. विपद् पुनर्स्थापना तथा युवाहरूका लागि सिप विकास परियोजना | १५–१६ |
| १.४. अपाङ्गताकेन्द्रितक्षमता तथा सिप विकास परियोजना | १७–१९ |
| १.५. खाद्य सुरक्षा सहायता परियोजना | २०–२१ |
| २. शान्तिपूर्ण र समावेशी समाज प्रवर्द्धन | २२–२४ |
| ३. स्वस्थ तथा समृद्ध जीवन | २५ |
| ३.१. नवजीवन (लागु पदार्थ तथा रक्सी प्रयोगकर्ता महिलाहरूका लागि उपचार तथा पुनर्स्थापना कार्यक्रम) | २६–२७ |
| ३.२. मानव बेचबिखन विरुद्ध सचेतना तथा स्वास्थ्य प्रवर्द्धन परियोजना | २८–३० |
| ४. समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा | ३१–३२ |
| **आन्तरिक र बाह्य अनुगमन तथा मूल्याङ्कन साथै अन्य कार्यक्रमका झलकहरू** | **३३** |
| **कोषाध्यक्षको प्रतिवेदन** | **३४** |
| **आर्थिक प्रतिवेदन २०८०/८१** | **३५–४०** |
| **प्रशासन तथा वित्त विभाग** | **४१** |
| **अनुगमन, मूल्याङ्कन तथा सञ्चार** | **४२** |
| **योजना तथा बजेट आ.व. २०८१/२०८२** | **४३** |
| **पत्रपत्रिकामा प्रकाशित समाचारहरू** | **४४** |


*यस प्रतिवेदनमा प्रकाशित सामग्रीहरू सम्बन्धित व्यक्ति तथा निकायसँगको पूर्व स्वीकृतिमा प्रकाशित भएका छन् ।*

# अध्यक्षको मन्तव्य

समाजमा भएका विपन्न तथा सीमान्तकृत वर्गहरूलाई लक्षित गरी विशुद्ध सामाजिक सेवा गर्ने अभिप्रायका साथ पोखरेली ख्रीष्टिय समुदायले २०५९ सालमा असल छिमेकी नेपाल संस्था स्थापना गरी सेवाको काम गर्दै आएको आज २१ औं वर्ष पूरा भएको छ । स्थापनाको सुरूका वर्षमा वार्षिक रू २५,०००/–(पच्चिस हजार) बजेटबाट कार्यसुरू गरेको यस संस्थाले आज करोडौंको परियोजना तथा कार्यक्रम लिएर अगाडि बढिरहेको छ । विपन्न समुदायको विकास, लागू औषधको कुलतमा फसेका महिलाहरूको पुनर्स्थापना कार्यक्रम साथै विपद् प्रभावित समुदायमा आवश्यक राहत र पुनर्निर्माणको क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउन समेत सफल भएको छ ।



**भरतबहादुर गुरुङ**
अध्यक्ष

युवाहरूलाई आफ्नै देशमा रही आत्मनिर्भर हुनका लागि युवा लक्षित व्यावसायिक सीपमूलक तालिमहरू प्रदान गरी सक्षम र सबल बनाउने काम भएको छ । यी सबै कार्यहरूको उपलब्धी हासिल गर्न सक्नुको पछाडि यहाँहरूबाट प्राप्त सहकार्य र सहभागिता नै हो । यसरी नै लक्षित वर्गहरूको लागि सेवा पुऱ्याउनको लागि समुदायमा आवद्ध सिङ्गो चर्चहरूको समुदाय तहबाट भइरहेको निरन्तर प्रार्थना, नेतृत्व तहमा सहभागिता, स्वयम्सेवकहरूको उपलब्धता र समर्पणता तथा अन्तिरक आर्थिक योगदान, मित्रताको व्यवहार, सरकारी निकायहरूका सकरात्मक दृष्टिकोण, दातृ निकायहरूको भरोसा र सहयोग प्रति हार्दिकताका साथ सराहना गर्दछु । आज असल छिमेकी नेपालले आफ्नो क्षेत्रमा मात्र नभई समन्वयकारीताका साथ आवश्यक अरू जिल्लाहरूमा समेत देशको लागि एउटा असल नमूनाका रूपमा असल काम गर्ने संस्थाका रूपमा चिनिनु, असल पहिचान दिन सक्नु प्रशंसनीय कार्य ठानेका छौं । हामीलाई थाहा छ जसरी एउटा सामरी व्यक्तिले आफ्नो कर्तव्य निभाएका छन्, त्यसरी नै हामीहरू सबै जनाती सामरी व्यक्ति जस्तो दयाले भरिएर आफ्नो तन–म–धनका साथ हामीले पाएको सेवाको काम पूरा गर्न आवश्यक छ । किनकी हामी असल कामको निम्ति सृष्टि भएका हौं ।

संस्था र समुदायको सेवालाई थप प्रभावकारी रूपमा विस्तार गर्न समुदाय सेवा केन्द्र भवन निर्माणका लागि लामो समयको प्रयास पछि पोखरा महानगरपालिकाको वडा नं. ११, फुलबारीमा १९ आना जग्गा खरीद गर्न सफल भएको कुरा हामी सबै माझ विदितै छ । अब यस खरिद गरिएको जमिनमा संयुक्त रूपमा भवन निर्माणको लागि प्रकृया अगाडि बढाई नक्सा स्वीकृत समेत भईसकेको छ । भवन निर्माणका लागि अब हामी सबै जना उत्साहित हुँदै आन्तरिक र बाहृय सहयोगका साथ भवन निर्माण गरी भवन सम्पन्न गर्नुपर्ने कुराको चुनौति पनि हामी सबै माझ रहेको व्यहोरा समेत अवगत गराउन चाहन्छु ।

अन्त्यमा, असल छिमेकी नेपालको २२ औं वार्षिक साधारण सभाको अवसरमा आजका प्रमुख अतिथि ज्यू, अतिथि ज्यूहरू, संस्थाका आजीवन र साधारण सदस्यहरू, कार्य कारिणी समिति लगायत अहोरात्र खटिएर काम गर्नुहुने कुशल कार्यकारी निर्देशक एवम् सम्पूर्ण कर्मचारीहरू, प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउनु हुने, स्वदेशी तथा विदेशीदातृ निकाय, सहयोगी संघ–संस्थाहरू, सरोकारवालाहरू, स्थानीय सरकारी निकायहरू, समाज कल्याण परिषद् सबैमा हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छौं ।

आजको अधिवेशनबाट अझ एउटा सशक्त कार्यकारिणी समितिको चयन हुनेछ भन्ने पूर्ण विश्वासका साथ शुभकामना व्यक्त गर्न चाहन्छु ।

# सचिवको मन्तव्य



**प्रकाश घर्ति (भुजेल)**
सचिव

सुन्दर नगरी पोखरामा अवस्थित पोखरेली ख्रीष्टिय समुदायको सामाजिक पहलमा विधिवत रुपमा २०५९ सालमा विशुद्ध सामाजिक कार्य गर्ने उद्देश्यका साथ एक गैरसरकारी संस्थाको रूपमा दर्ता भएको यस असल छिमेकी नेपालको २२ औं वार्षिक सभा एवम् ८ औं अधिवेशनमा उपस्थित आजका सभाध्यक्ष ज्यू, प्रमुख अतिथि, विभिन्न क्षेत्र तथा मण्डलीहरूबाट प्रतिनिधित्व गर्नुहुने अतिथिगण, संस्थाका आजीवन सदस्यहरू, साधरण सदस्यहरू र कार्यकारिणी समितिका सम्पूर्ण पदाधिकारी, सदस्यहरू एवम् सल्लाहकार ज्यूहरूमा न्यानो अभिवादन व्यक्त गर्न चाहन्छु । संस्थाले यस आर्थिक वर्ष २०८०/८१ मा विभिन्न परियोजनाहरू सञ्चालन गर्दै आइरहेको कुरा हामी सबै माझ स्पष्ट नै छ । संस्थाको मुख्य कार्यालय पोखरामा भएता पनि समुदाय सेवालाई प्रभावकारी रूपमा सेवा प्रदान गर्ने उद्देश्यले विस्तारित कार्यक्षेत्र नवलपरासी पूर्व, पश्चिम र गोरखामा समेत सम्पर्क कार्यालय विस्तार गरी समुदायमा आधारित नियमित सेवा प्रदान गर्दै आएका छौं ।

संस्थाको सुरूवातको समयमा सूक्ष्म बजेटबाट सुरु भएको यस संस्थाले यस २०८०/८१ मा पनि सेवाको कामसँगै संस्थाप्रति दाताहरूको भरोसाको कारण संस्थाले हाल समुदाय सशक्तिकरण, जीविकोपार्जन विकास र स्वास्थ्य प्रवर्द्धन कार्यक्रम, नवजीवन तथा खाद्य सुरक्षा सहयोग परियोजन युवाहरूका लागि सीप विकास तथा क्षमता अभिवृद्धि परियोजना, अपाङ्गता केन्द्रित जीविकोपार्जन तथा क्षमता विकास परियोजना, विपद प्रतिकार्य तथा पुनर्लाभ सहयोग परियोजना, भूकम्प प्रभावितका लागि पहिलो र दोश्रो चरणको राहत वितरण, मानव बेचबिखन विरूद्ध सचेतना तथा स्वास्थ्य प्रवर्द्धन परियोजना, विपद् पुनर्स्थापना परियोजनाहरु कास्की, नवलपरासी, म्याग्दी, गोरखा, दाङ, पर्वत, पाँचथर, दोलखा, थादिङ, मुस्ताङ, बर्दिया, कैलाली रूकुम पश्चिम, जाजरकोट जिल्लाहरू गरी १४ भन्दा बढी जिल्लाहरूमा समेत स्थानीय सरकार, जिल्ला प्रशासन र समाज कल्याण परिषद्को स्वीकृतिमा संस्थाले सेवाको क्षेत्र बढाउँदै गएको छ ।

यसरी यी परियोजनाहरू सञ्चालनको लागि पैंतिस भन्दा बढी व्यक्तिगत तथा संस्थागत दाताहरूको प्रत्यक्ष सहयोग प्राप्त भएको छ । यी परियोजना सञ्चालनका लागि सल्लाहकार सहित कार्यकारिणी समितिको बैठक यस वर्षमा पाँच पटक साथै संस्थाको कार्य सम्पादन र छिटो छरितो हुन सकोस् भनी आवश्यकता अनुसार पच्चिस पटक सपोर्ट समूहको बैठक बसिएको छ । मैले प्रस्तुत गरेको यस प्रतिवेदनको विस्तृत विवरण संस्थाका कार्यकारी निर्देशक ज्यूबाट प्रस्तुत हुने प्रतिवेदनबाट अझ छर्लङ हुनेछ ।

अन्तमा, संस्थाको लागि अभिभावकत्वको भूमिका पूरा गरिदिनुहुने पोखरेली ख्रीष्टिय समुदाय, साथै यस संस्थाका हितमा रही सेवा पुऱ्याउनुहुने प्रार्थना गरिदिनुहुने, आजीवन सदस्यहरू, सम्पूर्ण साधारण सदस्य ज्यूहरू, कार्यकारिणी समितिका सम्पूर्ण पदाधिकारी एवम् सदस्यहरू, सल्लाहकारज्यूहरू,सम्पूर्ण दातृ निकायहरू र संस्थाको कार्य सम्पादनमा स्वीकृति प्रदान गरिदिनुहुने जिल्ला प्रशासन कार्यालय कास्की, पोखरा महानगरपालिका, साथै सम्पूर्ण सेवा क्षेत्रका सम्बन्धित जिल्लाका प्रशासन कार्यालय एवम् स्थानीय पालिका लगायत सम्बन्धित वडा कार्यालयहरू, समाज कल्याण परिषद् र अहोरात्र खटिएर कार्य गर्नुहुने संस्थाका ४६ जना कर्मचारीहरू प्रति संस्था र संस्थाका सचिवको तर्फबाट हार्दिक धन्यवाद व्यक्त गर्दै आज सम्पन्न हुन गइरहेको ८ औं अधिवेशनबाट यस संस्थाको लागि जुझारू कार्यकारिणी समिति पुनः चयन हुनेछ भन्ने आशाकासाथ हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु ।

# धन्यवादको दुई शब्द



**राजेन्द्रकुमार अधिकारी (राजु)**
कार्यकारी निर्देशक

असल छिमेकी नेपाललाई २१ वर्षको यात्रामा विभिन्न भूमिकामा रहेर यहाँसम्म ल्याउनका लागि संस्थाको मेरुदण्डको रुपमा रहेको अभिभावकीय संस्था पोखरेली ख्रीष्टिय समुदाय र यसका नेतृत्व गण, पोखरेली दिदीबहिनी प्रार्थना सङ्गति, पोखरेली युवा सङ्गति, असल छिमेकी नेपालका अध्यक्ष आदरणीय पा. भरत बहादुर गुरुङ ज्यू, पदाधिकारी एवं सदस्य एवं निवर्तमान अध्यक्ष आदरणीय डा. दीपेन्द्र कुमार गौतम ज्यू सहित सम्पूर्ण अग्रज सल्लाहकार ज्यू, संस्थाका संस्थापक, आजीवन तथा सधारण सदस्यहरू, कर्मठ र अथक परिश्रम गर्ने संस्थाका कर्मचारी साथीहरू, संस्थाका कार्य क्षेत्रमा रहेका स्थानीय नगरपालिका, गाउँपालिका, वडा लगायतका नियमनकारी भूमिका निर्वाह गर्ने श्री जिल्ला प्रशासन कार्यालय, श्री समाज कल्याण परिषद् साथै एन जिओ फेडेरेशन, संस्था आवद्ध भएका निकाय साथै सञ्जालहरू, सहयोगी दातृ निकाय सहित निरन्तर प्रार्थना र उत्साह प्रदान गर्ने व्यक्तित्वहरू, र हाम्रो कामको केन्द्रविन्दुमा रहेका अत्यन्त प्रिय लाभग्राही समूह, समुदायमा हृदय समेतले हार्दिक धन्यवाद सहित कृतज्ञता ज्ञापन गर्दछु । असल छिमेकी नेपाल समाजमा विपन्न, अवसर विहीन, पछाडि परेका व्यक्ति, समूहतथा समुदायको सकारात्मक रुपान्तरणमा समर्पित पोखरेली ख्रीष्टिय समुदायको दर्शन पूरा गर्ने एउटा सामाजिक पहल हो ।

संस्थाको सफलता भनेको नै यसका लाभग्राहीको सफलता हो । प्रस्तुत परिवर्तनका कथाहरू प्रतिनिधिमूलक हुन् । कास्की, नवलपरासी पूर्व र पश्चिम, गोरखा, म्याग्दीमा नियमित खालका कार्यक्रमहरू सञ्चालनमा रहे भने, विपद् प्रतिकार सम्बन्धमा संस्था पूर्वमा पाँचथर, पश्चिममा कैलालीसम्म र जिल्लामा पुगिएको छ भने, २०८० कार्तिक महिनाको भूकम्प पछि घटना भएको चौथो दिनमा नै राहत सामग्री सहित रुकुम र जाजरकोट सहित करिव १४ जिल्लामा पुगिएको छ । आपतकालीन प्रतिकार्य पछि अन्य फेजका परियोजनाहरू सञ्चालनमा रहेका छन् । वि.सं. २०५९ मा करिब रु. २५,००० को बजेटबाट सुरु भएको यस संस्थाको आ.व. २०८०।८१ को खर्च करिब ७ करोड ५० लाख भएको छ । त्यसरी नै एक जना कर्मचारी (निर्देशक) बाट सुरु भएको यस संस्थामा अहिले ४६ जना कर्मचारी रहेका छन् । संस्थाले गरेको प्रयास सरकारको जिम्मेवारीमा टेवा मात्रै हो, तर पनि स्थानीय निकाय, समुदाय र लाभग्राहीहरूको सकारात्मक प्रतिक्रियाले हामीलाई उत्साह मिलेको छ ।

आजको साधारण सभा पश्चात् सम्पन्न हुने अधिवेशनबाट चयन हुने संस्थाको कार्यकारिणी समितिलाई अग्रीम बधाई तथा यहाँहरूको कार्यकालको सफलताको कामना गर्न चाहन्छु ।

अन्तमा, कर्मचारी साथीहरूको अथक परिश्रमको उच्च कदर गर्दछु र आफ्नो जिम्मेवारीलाई जागिर नभई बोलावट ठानेर, सधैं नै उत्साहित भएर अगाडि बढ्न अनुरोध गर्दछु । संस्थाका कार्यकारिणी समिति, सबै सदस्य ज्यू, लाभग्राही समुदाय, दातृनिकाय, सरोकारवाला सबै–सबैमा थेरै आभार व्यक्त गर्दछु । खाँचोमा परेका विपन्न र अवसरबाट वञ्चित समूह र समुदायका लागि असल छिमेकी बन्ने संस्थाको उद्देश्य प्राप्तिमा यहाँहरू सबैको साथ, सहयोग र सहभागिता निरन्तर रहने विश्वास गरेको छु ।

धन्यवाद !

# परिचय

विगत २१ वर्ष देखि समाजको सेवा गर्ने उद्देश्यले असल छिमेकी नेपालले सेवाका कार्यहरू गर्दै आएको छ । यस संस्थाले हालसम्ममा दिगो विकासका लक्ष्यहरू मध्ये १, २, ३, ४, ५, ६, ८, १०, ११, १३ र १६ मा रहेर टेवा पुऱ्याइरहेको छ । विशेषगरी गण्डकी प्रदेशका जिल्लाहरू कास्की, नवलपरासी पूर्व, पश्चिम र गोरखामा रहेर समुदाय सशक्तीकरण तथा जीविकोपार्जन, समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा र विपद् प्रतिकार्यका कामहरू गर्दै आएको छ । साथै विपद्को अवस्थामा देशका जुनसुकै जिल्लामा रहेर काम गर्ने गरेको छ ।




# संस्थाको कार्यकारिणी समिति

आर्थिक वर्ष २०८०/८१ मा संस्थाको कार्यकारिणी समितिको बैठक ५ पटक बसेको छ । संस्थाको काम छिटोछरितो रूपमा निर्णय गरी कार्यान्वयन गर्नका लागि कार्यकारिणी समितिका सदस्यहरू मध्येबाट बनेको उपसमिति 'सपोर्ट समूह' को बैठक यस आ.व.मा २५ पटक बसेको छ । यसरी उपसमितिबाट गरिएका निर्णयहरू कार्यकारिणी समितिको बैठकबाट अनुमोदन तथा पारित गरिएको छ । संस्थाले गर्दै आएका काम कारबाहीहरूको प्रत्यक्ष स्थलगत अवलोकन, कार्यक्रमहरूको प्रभावकारिताका सन्दर्भमा सम्बन्धित लाभग्राहीहरू र विभिन्न सरोकारवाला निकायहरूसँग अन्तरक्रिया तथा कर्मचारीहरूको कार्यशैलीको अनुगमन विभिन्न चरणहरूमा भएका छन् । निम्नानुसारका व्यक्तिहरूले ३ वर्षका लागि कार्यकारिणी समिति तथा सल्लाहकारको जिम्मेवारी सम्हाल्नुभएको छ ।

# कार्यकारिणी समिति

अध्यक्ष : श्री भरतबहादुर गुरूङ
उपाध्यक्ष : श्री मुक्तिनाथ ढकाल
सचिव : श्री प्रकाश घर्ती
कोषाध्यक्ष : श्री प्रकाश क्षेत्री
सदस्य : श्री नरबहादुर बागदास
सदस्य : श्री मसिना लामा
सदस्य : श्री पुष्पराज गिरी
सदस्य : श्री क्रिस्टिना सुब्बा तामाङ
सदस्य : श्री भविन्द्र राना
सदस्य : श्री तिल बहादुर गिरी
सदस्य : श्री शारदा गौतम

सल्लाहकारहरु :
डा. दीपेन्द्रकुमार गौतम
श्री हरिराम घिमिरे
श्री के. पी. त्रिपाठी
श्री रामबहादुर रोकाहा
श्री वेदबहादुर तामाङ

# संस्थाको संरचनात्मक संरचना

## ACN Functional Organogram








# आर्थिक वर्ष

# २०८०/८१



# मा भएका





# कार्यक्रमका

# झलक



# असल छिमेकी नेपालले




नियमित कार्य गरिएको क्षेत्रहरु

यस वर्ष कार्य गरिएको क्षेत्रहरु

# कार्य गरिएका क्षेत्रहरु



# विपद् प्रतिकार्यमा गरिएका कार्यक्रमका झलकहरु



# १. विपद् प्रतिकार्य सहयोग कार्यक्रम

बाढी, पहिरो, वर्षा, हावाहुरी, आगलागी आदि प्राकृतिक प्रकोपका कारण नेपालले बर्सेनि धनजनको ठूलो क्षति व्यहोर्दै आएको छ । सन् २०१५ को महाभूकम्प र सन् २०२० को विनाशकारी कोरोना महामारीले देशमा ठूलो उथलपुथल ल्याइदियो । यस्ता जोखिम र प्रकोपहरूबाट सचेत हुँदै सावधानी अपनाउन असल छिमेकी नेपालले विगत् एक दशकदेखि थुप्रै पूर्वतयारी तथा प्रतिकार्यका कार्यहरू गर्दै आएको छ । यसप्रकार हालसम्म असल छिमेकी नेपालले २५ वटा जिल्लाहरूमा सेवा पुऱ्याएको छ । आर्थिक वर्ष २०८०/८१ मा गरिएका विपद् प्रतिकार्यका कार्यहरू यस प्रकार रहेका छन् :




**१,४९१**
परिवारलाई खाद्यान्न राहत सामाग्री वितरण




**२००**
जनालाई सिपमूलक तालिम प्रदान



**१४**
वटा जिल्लामा राहत वितरण



**३२०**
जना सुत्केरी महिलालाई खाद्यान्न वितरण



**९४**
परिवारलाई अस्थायी टहरा निर्माण सामाग्री प्रदान




थादिङको विद्यालयमा शौचालय निर्माण

## १.१. भूकम्प प्रभावितका लागि निर्माण सामग्री सहयोग परियोजना

**उद्देश्य** : भूकम्प प्रभावितका लागि राहत सामग्रीहरू उपलब्ध गराई तत्कालीन समस्या समाधानका लागि सहयोग र सिपमूलक तालिम प्रदान गर्नु ।

**लक्षित वर्ग** : भूकम्प प्रभावित समुदाय ।

**कार्य क्षेत्र** : रुकुम पश्चिम, जाजरकोट ।

नेपालको सुदूरपश्चिम क्षेत्रको जाजरकोट र पश्चिम रुकुममा २०८० कार्तिक १७मा गएको भूकम्पले धनजनमा धेरै असर पुऱ्याएको थियो जहाँ १५७ जनाले ज्यान गुमाएका थिए भने ३७५ जना घाइते भएका थिए । यस अवस्थामा असल छिमेकी नेपालले पहिलो र दोस्रो चरणमा गरी ४८५ परिवारलाई न्यानो कपडा, ३२० सुत्केरी महिलाहरूलाई खाद्य तथा जिन्सी सामग्री र ४८ परिवारलाई फिल्टर वितरण गरेको थियो । त्यसैगरी तेस्रो चरणमा आठबीसकोट र नलगाड नगरपालिकासँग समन्वय गरी रुकुम (पश्चिम) का ६० जना र जाजरकोटका भूकम्प प्रभावित वडाहरूबाट ८० जना सहभागीहरूलाई १ महिने हाउस वायरिङ र १ हप्ते सहरी डकर्मी तालिम प्रदान गरियो जसबाट प्रभावितहरूलाई आयआर्जन गरी घरायसी दैनिक आधारभूत आवश्यकता पूरा गर्न सहयोग मिलेको छ ।





धन माया खत्री

# विदेशिने मन हरायो

२० वर्षीया धनमाया खत्री वडा नं. ९, आठबीसकोट नगरपालिका, रुकुम (पश्चिम)मा बाबाआमा सहित ७ जनाको संयुक्त परिवारमा बस्नुहुन्छ । बाबाले दैनिक ज्यालादारी काम गरेर घरको गुजारा चलाउनुहुन्छ । केही समय अगाडिसम्म दिदीले बाबासगँ हात बटाउनु भएर सहायता मिलिरहेको थियो भने दिदीको विवाह पछि यी सबै जिम्मेवारीहरू धनमायाको काँधमा आइपऱ्यो । त्यसैले धनमायाले कक्षा १० पछिको अध्ययनलाई निरन्तरता दिन सक्नुभएन । यसरी जसोतसो दिनचर्या चलिरहेको अवस्थामा २०८० कार्तिक १७ गतेको भूकम्पले समस्त जाजरकोट र रुकुमबासीसँगै धनमायाको परिवारमा पनि ठूलो सङ्कट निम्त्यायो । सम्पत्तिको नाममा भएको एउटा घर पनि भूकम्पले ध्वस्त बनाइदिएको थियो ।

भूकम्प प्रभावितहरूलाई सहायताका लागि एकछिन एकछिनको खाद्यान्न राहत आए तापनि धनमायालाई भने घर कसरी बनाउने भन्ने चिन्ताले सताउन थाल्यो । आर्थिक सङ्कट टार्नका लागि उहाँले विदेश जाने सोच बनाउनुभयो र त्यसका लागि आवेदन दिनुभयो तर ६/७ महिनासम्म पनि विदेश जाने टुङ्गो नलाग्दा धनमायाको मन व्याकुल हुन थाल्यो । परिवारको अस्तव्यस्तता देखेर उहाँमा नैराश्यता छाउन थाल्यो ।

उहाँले यसरी बसिरहनुभन्दा केही ज्यालादारी काम भएपनि गर्ने सोच बनाउनु भएको थियो । यस्तैमा असल छिमेकी नेपालले सहरी डकर्मी तालिम दिन लागेको कुरा गाउँकै एक जना काकाबाट थाहा पाउनुभयो । उहाँले तालिम लिनका लागि आवेदन फारम भर्नुभयो । समाजमा डकर्मी तालिम पुरुषहरूले मात्र गर्ने हो भन्ने धारण भएकाले तालिम लिने दिनसम्म पनि धनमायाको परिवारले तालिममा जानका लागि स्वीकृति दिएन तर धेरै पटकको कोसिसपछि उहाँको परिवारले मन्जुरी दियो । त्यसपछि उहाँ तालिममा सहभागी हुनुभयो र त्यसबाट धेरै लाभ उठाउनुभयो । तालिममा सहभागी भएपछि उहाँ भन्नुहुन्छ, "मैले सोचेको भन्दा धेरै फरक र प्रभावकारी रूपमा सिप विकास गर्न पाएँ । महिला भए पनि आँट गरे काम गर्न सकिन्छ भन्ने आत्मविश्वास बढेको छ । हाल म दिनको रु. ८,००/–(आठ सय) कमाउँछु । मेरो कामबाट परिवार पनि खुसी भएको छ । अब आफ्नो घर आफ्नै हातले बनाउने मन छ ।"

यसरी स्वदेशमा नै बसेर काम गर्न पाउँदा धनमाया भन्नुहुन्छ, "अब त विदेशिने मन छैन । मलाई यो ऊर्जा, मनोबल र अवसर प्रदान गरिदिएकोमा असल छिमेकी नेपाललाई धन्यवाद !"

## १.२. विपद्‌बाट प्रभावित समुदायका लागि राहत तथा पुनर्लाभ सहयोग परियोजना

**उद्देश्य** : बाढी प्रभावितहरूका लागि राहत सामग्री उपलब्ध गराउनु ।

**लक्षित वर्ग** : विपद् प्रभावित समुदाय ।

**कार्य क्षेत्र** : मुस्ताङ, धादिङ, बर्दिया, कैलाली, पाँचथर, दोलखा, म्याग्दी, गोरखा र पूर्वी नवलपरासी ।

२०८० श्रावण २८ गतेको अविरल वर्षाले देशका विभिन्न क्षेत्रमा बाढी, पहिरो र मौसम सम्बन्धी घटनाहरू निम्त्याएको थियो जसका कारण धनजनको ठूलो क्षति भोग्नुपर्‍यो । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको तथ्याङ्क अनुसार यस वर्ष बाढी, पहिरो र चट्याङबाट १०४ जनाले ज्यान गुमाए भने कम्तीमा ६,०८३ परिवारहरू प्रभावित भए । असल छिमेकी नेपालले ९ वटा जिल्लाका प्रभावितहरूलाई रू.४,१०० बराबरको खाद्य र जिन्सी वस्तुहरू तथा रू. ४,३०० बराबरको न्यानो कपडा र अस्थायी टहरा निर्माण सामग्री वितरण गरेको छ जसबाट ७१७ घरधुरी लाभान्वित भएका छन् ।

| | | |
|---|---|---|
| **मुस्ताङ**<br>वारागुङ मुक्तिक्षेत्र गाउँपालिका<br>वडा नं. ४ | **खाद्यान्न सामग्री तथा न्यानो कपडा** | ८१ घरधुरी र ३ सार्वजनिक निकाय (विद्यालय,गुम्बा र प्रहरी चौकी) |
| **कैलाली**<br>कैलारी गाउँपालिका<br>वडा नं. ३ र ७ |   | २०० घरधुरी |
| **पाँचथर**<br>फिदिम गाउँपालिका र<br>फालेलुङ्ग गाउँपालिका | | ७० घरधुरी |
| **म्याग्दी**<br>अन्नपूर्ण गाउँपालिका<br>वडा नं.३ | | २० घरधुरी |
| **गोरखा**<br>धार्चे गाउँपालिका<br>वडा नं. ६ |   | २० घरधुरी |
| **पूर्वी नवलपरासी**<br>कावासोती–१५, मध्यविन्दु–३,<br>बुलिङ्गटार–४ | | १७ घरधुरी |
| **धादिङ**<br>गङ्गाजमुना गाउँपालिका<br>वडा नं. १ |  | ५३ घरधुरीलाई तत्काल राहत सामग्री र ३३ घरधुरीलाई अस्थायी टहरा निर्माण सामग्री |
| **बर्दिया**<br>ठाकुरबाबा गाउँपालिका<br>वडा नं. २, ६, ७ र ८ | | २१२ घरधुरीलाई तत्काल राहत सामग्री र १२ घरधुरीलाई त्रिपाल |
| **दोलखा**<br>गौरी शङ्कर गाउँपालिका<br>वडा नं.७ | | ३४ घरधुरी |



# राहतको साथ

दिलमती सपरिवार विगत २३ वर्षदेखि मुस्ताङको कागबेनीमा बस्दै आउनुभएको छ । उहाँले घर भाडामा लिनुभई दैनिक ज्याला मजदुरी गर्नुहुन्छ । २०८० श्रावण १८ गतेको विनाशकारी बाढीले दिलमतीको जिन्दगी नै अस्तव्यस्त पारिदियो । रातको समयमा आएको बाढीले उहाँका सबै सरसामग्रीहरू नष्ट पारि दियो । उहाँ आश्रय विहीन हुनुभयो । शरीरमा भएको एकसरो लुगाबाहेक केही आफ्नो भन्न पाउनुभएन । यस्तो अवस्थामा असल छिमेकी नेपालबाट १ महिनालाई पुग्ने राहत सामग्री पाउँदा उहाँ निकै हर्षित हुनुभयो । उहाँ भन्नुहुन्छ, “हाम्रो मुख्य आम्दानीको स्रोत भनेको यहाँ आउने पर्यटकहरू हुन् । पर्यटकीय आर्कषण नै नभएपछि गुजारा गर्न निकै गाह्रो भएको थियो । असल छिमेकी नेपालप्रति धेरै आभारी छु । दुखको अवस्थामा सम्झनुभयो । अब त बिस्तारै फेरि कमाउन सकिएला !”



## १.३. विपद् पुनर्स्थापना तथा युवाहरूका लागि सिप विकास परियोजना

**उद्देश्य** : विपद् प्रभावितका लागितत्कालीन आवास तथा शौचालय निर्माण साथै युवाहरूलाई सिप उपलब्ध गराई रोजगार वा व्यवसायमा सहभागी गराउने ।

**लक्षित वर्ग** : विपद्बाट प्रभावित समुदाय तथा युवाहरु ।

**कार्य क्षेत्र** : तनहुँ, धादिङ, नवलपरासी पूर्व

नेपालमा निर्वाहमुखी कृषि प्रणालीका कारण कृषकहरूले आयआर्जनका लागि अन्य विकल्पहरू खोज्न थालेका छन् । सिपमूलक शिक्षाको अभावले गर्दा हजारौ युवाहरू भविष्य खोज्दै वैदेशिक रोजगारीमा जानुपर्ने अवस्थामा छन् । यसो हुन नदिनका लागि असल छिमेकी नेपालले तनहुँ र नवलपरासीका युवाहरूका लागि सिप विकास सम्बन्धी तालिम प्रदान गरेको छ जसमा कृषकहरूलाई क्षमता अभिवृद्धि तालिमका साथै कृषि सामग्रीहरू प्रदान गरिएको छ भने अन्यमा हाउस वायरिङ्, कुकिङ् र उद्यमशीलता तालिम दिएको छ । यस कार्यक्रमबाट तालिम पाएकाहरू मध्ये ४० प्रतिशत भन्दा बढीले सिपको प्रयोग गरी रोजगारी/स्वरोजारी मार्फत् आयआर्जन गरेका छन् । साथै धादिङ् जिल्लाको गङ्गाजमुना, वडा न १ मा रहेका पहिरो प्रभावित १५ परिवारका लागि अस्थायी आवास निर्माण गर्न आवश्यक जस्तापाता उपलब्ध गराइएको छ भने स्थानीय विद्यालयका लागि शौचालय पुनर्निर्माण कार्य सम्पन्न भएको छ ।

| तनहुँ | धादिङ | नवलपरासी |
|---|---|---|
| **२०** जनालाई हाउस वायरिङ् तालिम | **१५** परिवारमा जस्तापाता वितरण | **३२३** जनालाई कृषि विकास तालिम |
| **२०** जनालाई कुकिङ् तालिम | **११९** विद्यार्थीका लागि शौचालय निर्माण सामाग्री सहयोग | |
| **२०** जनालाई उद्यमशीलता विकास तालिम | | |
| **३९** जना सी.टी.ई.भी.टी तह–१ को परीक्षा उत्तिर्ण | | |
| **२४४** जनालाई कृषि विकास तालिमबाट लाभान्वित | | |





# जीवनमा नयाँ आशा जाग्यो

बुबा दलबहादुर गुरुङ र आमा ललिता गुरुङकी छैटौं छोरी हुनुहुन्छ निर्मला गुरुङ । उहाँको जन्म वि.सं. २०४५ असार १० (सन् १९८८ जुन २४) मा अर्घाखाँची जिल्लाको पूर्व धिकुरा गाउँमा भएको थियो । उहाँसहित उहाँको परिवारमा दाजुभाइ र दिदीबहिनी गरी ९ जना हुनुहुन्छ । धेरै सन्तान भएकाले परिवारमा आधारभूत आवश्यकताहरू पूरा गर्न हम्मेहम्मे हुन्थ्यो तर पनि उहाँका बुबाआमाले केही कुरामा वञ्चित गर्नुभएन ।यस्तैमा उहाँले साथीहरूको लहैलहैमा लागेर कक्षा दसपछि पढाइ छाड्नुभयो र घरमै घाँस, दाउरा गर्न थाल्नुभयो । त्यसको केही समयपछि नै विवाह बन्धनमा बाँधिनुभयो ।

उहाँका श्रीमान् विदेशमा काम गर्नुहुन्थ्यो । बिदामाघर आउनुहुन्थ्यो । यसरी नै उहाँहरूको दैनिक जीवन अघि बढिरहेको थियो । एक पटक बिदा सकेर विदेश जानका लागि कागजपत्रहरू मिलाउन उहाँका श्रीमान् काठमाडौं जानुभएको थियो । एक्कासि बस दुर्घटना भएको खबर सुन्नुभयो । उक्त दुर्घटनामा श्रीमान्को निधन भएपछि उहाँको जीवनमा बज्रपात पर्‍यो ।

परिवारको स्तम्भ नै ढलेपछि निर्मला टुटि सक्नुभएको थियो । सबैतिरका स्रोत बन्द भइसकेका थिए । उहाँमा जीवित रहने आशा समेत हराइसकेको थियो ।दुई सन्तानका लागि भए पनि बाँच्नुपर्ने थियो । लालाबालाका आवश्यकता पूरा गर्न नसक्दा उहाँ एक्लै रुने गर्नुहुन्थ्यो । कुनै सिप नभएकाले काम नपाइने, सिप सिक्न धेरै खर्च लाग्ने कारण निर्मलालाई असह्य पीडा हुन्थ्यो ।

भनिन्छ, सबै कुराको समय आउँछ । निर्मलाको समय यसपटक ४ नं. वडा कार्यालयबाट आएको थियो जहाँ असल छिमेकी नेपालले आधारभूत तहको कमर्सियल कुकिङ र हाउस वायरिङ तालिमको आयोजना गराएको थियो ।

यस खबरले उहाँको जीवनमा एउटा नयाँ आशा जगायो । उहाँले तालिमका लागि आवेदन दिनुभयो र छनौट पनि हुनुभयो । उहाँले ४५ दिने कमर्सियल कुकिङ तालिम लिनुभयो । हाल उहाँ बन्दीपुरको एक होटेलमा काम गर्नुहुन्छ । होटलमा काम गरेर उहाँ मासिक रु. १२,०००।– कमाउनुहुन्छ । यसबाट आफ्नो र परिवारको दैनिक आवश्यकता पूरा गर्न सहज भएको बताउनुहुन्छ ।

उहाँ भन्नुहुन्छ, "मलाई यति प्रभावकारी तालिममा निःशुल्क सहभागी हुने अवसर र जीवनउपयोगी सिप प्रदान गरिदिएकोमा असल छिमेकी नेपाल र तालिम सहजीकरण गर्ने संस्था श्री किङ्स इन्टरनेशनल कलेज' प्रति धेरै आभारी छु ।"

# १.४. खाद्य सुरक्षा केन्द्रित क्षमता अभिवृद्धि परियोजना

**उद्देश्य** : समुदायको क्षमता अभिवृद्धि गरी विपद्, कोभिड साथै खाद्य असुरक्षाका समस्याहरूको न्यूनीकरण गर्ने ।

**लक्षित वर्ग** : विपद् तथा कोभिडबाट प्रभावित समुदाय ।

**कार्य क्षेत्र** : कास्की, गोरखा, म्याग्दी, पूर्व र पश्चिम नवलपरासी ।

सन् २०२५ सम्ममा देशलाई भोकमरी र कुपोषणमुक्त बनाउने नेपाल सरकारको लक्ष्यमा टेवा पुऱ्याउने कार्य असल छिमेकी नेपालले गर्दै आएको छ । कुनै पनि समयमा बाढी, पहिरो, आगलागी र विश्वव्यापी महामारीको समस्या आइपर्दा अन्नको विनाश हुने समस्याहरू धेरै हुने हुँदा यसको न्यूनीकरणका लागि आवश्यक कदम चाल्न जरुरी हुन्छ । असल छिमे की नेपालले दिगो विकास २को लक्ष्य अनुसार कास्की, गोरखा, म्याग्दी, पूर्व नवलपरासी जिल्लामा रहेर दिगो कृषिलाई प्रर्वद्धन गर्ने लक्ष्य राखी तालिमहरू दिएको छ ।





## कार्यक्रमको संख्यात्मक विवरण

| क्रियाकलाप | लाभान्वित सङ्ख्या | | | |
|---|---|---|---|---|
| | कास्की | म्याग्दी | गोरखा | पूर्वनवलपरासी |
| कृषि समूहको निर्माण | ५० | ५० | २५ | ५० |
| खाद्य सुरक्षा तथा स्वास्थ्य सचेतना कार्यक्रम (निर्माण भएको कृषि समूहलाई) | ५३ | ५० | २५ | ४६ |
| दिगो विकासमा आधारित कृषि तालिम (निर्माण भएको कृषि समूहलाई) | ५० | ५० | २५ | ५० |
| आपतकालीन खाद्यान्न सहायता | ५४ | १० | १० | २०१ |
| बिउ बिजन तथा मल वितरण (निर्माण भएको कृषि समूहलाई) | ५४ | ५० | २५ | २० |
| खाद्य सुरक्षा सामग्री वितरण (निर्माण भएको कृषि समूहलाई) | – | ५० | २५ | २० |
| बालबालिकाका लागि पोषण तथा स्वास्थ्य सचेतना कार्यक्रम | ५० | ५२ | – | ५० |
| कृषि सम्बन्धी जानकारीका लागि सामाजिक सञ्जालको प्रयोग सम्बन्धमा सचेतनामूलक कार्यक्रम | – | ५० | – | २० |

## माया छिनालको आत्मबल



मेरो नाम माया छिनाल हो ।म ३८ वर्षकी भएँ । म बेनी नगरपालिका– ५, पुलाचौरमा बस्छु । कोभिडको समयमा विदेशमा काम गर्न गएकाश्रीमान् उतै बित्नुभयो । अहिले गाउँमा बसेर ज्यालामजदुरी गरेर जीविकोपार्जन गरिरहेकी छु । वडा कार्यालयको माध्यमबाट असल छिमेकीले गठन गर्न लागेको कृषि समूहमा बस्ने मौका पाएँ । त्यहाँ पाएको तालिम र कृषि सामग्रीबाट धेरै नै राहत मिलेको छ । तालिममा मैले हाम्रो घर वरिपरि कसरी सफा राख्ने र घरमा भएका खानेकुराहरू कसरी स्वस्थ तरिकाले पकाएर खान सकिन्छ भन्नेबारेमा सिकेँ ।तालिममा सहभागी भएर सिकेका कुरालाई मैले व्यवहारमा पनि लागू गरेँ । मैले खाना सुरक्षित राख्ने सामान पनि पाएकी छु । यसले मलाई धेरै सजिलो भएको छ । मैले बिउबिजन पनि पाएँ । पाएको बिउबिजन आफ्नो बारीमा रोपेर आम्दानी गरीघरखर्च चलाएँ । यी सबै कुराका लागि धेरैधेरै धन्यवाद दिन चाहन्छु ।

# संयुक्त खेतीले हुप्सेकोटमा ल्याएको परिवर्तन



हुप्सेकोट– ५, वाघखोर गाउँका १८ घर परिवर नै पहिरोको कारणले विस्थापित भएपछि सबै परिवार अस्थायी टहरामा बस्दै आएका छन् । पहिरोबाट विस्थापित हुनुभन्दा अघि उनीहरूले आफ्नो गाउँघरमा खेतीपाती गर्थे तर आफ्नै बस्ने खाने ठेगान नहुँदा निकै समस्या भएको थियो । यस्तो अवस्थामा असल छिमेकी नेपालले संयुक्त खेतीको सल्लाह दियो । यसबाट पहिरो प्रभावित परिवारहरूलाई धेरै सहज भएको छ । सोही समूहलाई लक्षित गरी असल छिमेकी नेपालले बेलाबेलामा कृषि तालिम आयोजना गर्दै जीविकोपार्जनमा टेवा पुऱ्याउदै आएको छ ।

हुप्सेकोट– ५, वाघखोर गाउँका १८ घर परिवर नै पहिरोको कारणले विस्थापित भएपछि सबै परिवार अस्थायी टहरामा बस्दै आएका छन् । पहिरोबाट विस्थापित हुनुभन्दा अघि उनीहरूले आफ्नो गाउँघरमा खेतीपाती गर्थे तर आफ्नै बस्ने खाने ठेगान नहुँदा निकै समस्या भएको थियो । यस्तो अवस्थामा असल छिमेकी नेपालले संयुक्त खेतीको सल्लाह दियो । यसबाट पहिरो प्रभावित परिवारहरूलाई धेरै सहज भएको छ । सोही समूहलाई लक्षित गरी असल छिमेकी नेपालले बेलाबेलामा कृषि तालिम आयोजना गर्दै जीविकोपार्जनमा टेवा पुऱ्याउदै आएको छ ।

हुप्सेकोटकै एक जना लाभान्वित परिवारका एक जना हुनुहुन्छ, ५२ वर्षीया धनमाया सोमै । उहाँको परिवारमा ६ जना छन् । उहाँ परिवारको पालन पोषणका लागि समय र सिजन अनुसार दैनिक अरूको खेतबारीमा घण्टे (प्रति घण्टा) काम गरी जीविकोपार्जन गर्ने गर्नुहुन्थ्यो । हाल संयुक्त खेती र त्यसका लागि आवश्यक तालिमहरू पाएपछिको परिवर्तन देखेर छक्क पर्दै भन्नुहुन्छ, "जसको कोही छैन उसको परमेश्वर हुनुहुन्छ । हामीलाई पनि साथ दिने कोही थिएन तर परमेश्वरले असल छिमेकी नेपाललाई पठाइदिनुभयो । पहिले त धेरै पिर चिन्ता थियो । कहाँ जाने ?के गर्ने ? आफ्नो जन्मभूमि, कर्मभूमि सबै छोडेर आउनु पर्दा पीडा कसलाई हुँदैन होला र ? सहर बजारमा सिप नहुनेले काम नपाउने उस्तै समस्या ।केही गरौं भन्ने हो भने पनि गरी खाने ठाउँ भएन । केही ठाउँ पाए पनि गर्ने सिप नहुँदा मेहेनत गरे अनुसार नहुने तर अहिले तालिमपछि सबै राम्रो भएको छ । तरकारी खेती गर्ने तारिका जान्यौं । तालिम अनुसार सामूहिक खेती गरिरहेकाछौं । अहिले त सबै जना पालैपालो सामूहिक रूपमा मिलेर काममा जाने, जे गर्न परे पनि सामूहिक रूपमा गर्ने बानीको विकास नै भइसकेको छ । विगतका पीडा यही कोदालोसँग साटिरहेका छौं ।"

## १.५. अपाङ्गता केन्द्रित क्षमता तथा सिप विकास परियोजना

**उद्देश्य** : अपाङ्गता भएका व्यक्ति र परिवारका लागि सिप तथा आयआर्जनमूलक तालिम प्रदान गरी जीवनस्तर उकास्ने ।

**लक्षित वर्ग** : अपाङ्गता भएका व्यक्तिहरु, संरक्षणकर्ता तथा स्थानीय समुदाय ।

**कार्य क्षेत्र** : कास्की, गोरखा ।

अझै पनि नेपाली समाजमा अपाङ्गता भएका व्यक्तिहरूलाई हेर्ने दृष्टिकोण राम्रो छैन । धेरै परिवार र समाजमा अपाङ्गता भएका व्यक्तिहरूलाई बोझको रुपमा हेर्ने गरेको पाइन्छ । यही दृष्टिकोण र अवधारणहरू परिवर्तन गर्नका लागि असल छिमेकी नेपालले गोरखा र कास्की जिल्लामा विभिन्न तालिमहरू, परामर्श, सचेतनामूलक कार्यक्रमहरू गर्दै आएको छ ।

### गोरखा

| | |
|---|---|
| ३१ | अपाङ्गता भएकाहरूलाई हेरचाह गर्नेहरूको लागि सेमिनार/तालिम |
| १० | व्यवसायका लागि सुरुवाती बिउ पूँजी सहायता |
| २५ | समुदायमा अपाङ्गता समावेशी कार्यशाला गोष्ठी |
| ३० | स्थानीय स्रोत र साधन पहिचान र कार्ययोजना निर्माण सम्बन्धी कार्यशाला |
| १६७ | अपाङ्गता समावेशी समुदायमा आधारित स्थानीय समूहद्वारा गरिएको सामाजिक सचेतना |
| ४५ | समूह परिचालन तथा समन्वयात्मक क्षमताको विकास |

### कास्की

| | |
|---|---|
| १० | व्यवसायका लागि सुरुवाती बिउ पूँजी सहायता |
| ६० | अपाङ्गता भएका व्यक्ति र तिनका हेरचाहकर्ताहरू (कार्यशाला) कार्यक्रम |
| ४४ | अपाङ्गता भएका व्यक्ति/हेरचाहकर्ताहरूलाई मनोरञ्जन र पुनर्ताजगी कार्यक्रम |
| १४५ | असक्षमता समावेशीतामा सामुदायिक समूहहरूलाई सशक्तीकरण कार्यशाला |
| ५२ | विशेष दिन अवलोकन (क्रिसमस/अशक्तता दिवस/पिकनिक) |
| १०० | कार्य योजनाको विकासमा सहजीकरण गर्ने |
| १०० | अपाङ्गता समावेशी वातावरणका लागि सामाजिक क्रियाकलाप सञ्चालन कार्यक्रम |

# रूपेशको अठोट



गोरखा जिल्लाको नारेश्वर स्थित वडा नं ३ मा बस्दै आएका रूपेश थापा ३८ वर्षको हुनुभयो । उहाँ बौद्धिक र स्वर बोलाइ सम्बन्धी एक बहुअपाङ्गता भएको व्यक्ति हुनुहुन्छ । घरमा उहाँ श्रीमती, दुई छोरी र बुबा आमा गरी ६ जनाको संयुक्त परिवारमा बस्नुहुन्छ ।

समुदायको मानिसहरूले "तिमीले केही गर्न सक्दैनौ, किनकि तिमी लठेब्रो छौ र तिम्रो दिमागले पनि राम्रो काम गर्दैन" भन्ने गर्दा रूपेशलाई धेरै पीडा हुन्थ्यो । त्यसैले यस्तो भन्ने व्यक्तिहरूलाई केही गरेर देखाउँछु भनी मनमा अठोट लिनुभएको थियो, तर अवसर पाउनुभएको थिएन ।

उहाँले स्थानीय वडा मार्फत् असल छिमेकी नेपालद्वारा सञ्चालित अपाङ्गता केन्द्रित परियोजनमा जोडिने अवसर पाउनुभयो र कुखुरा पालन सम्बन्धी २ दिने तालिममा सहभागी हुनुभयो । तालिम पछि बिउ पुँजीको रूपमा १४ वटा चल्ला र केही सामग्रीहरू पनि पाउनुभयो । यसरी सहायता पाएपछि उहाँको खुसीको सीमा नै रहेन ।

उहाँले १४ वटा चल्ला ४५ दिनमा ३ केजीको बनाउनुभयो र बेचेर करिब सोह्र हजार आम्दानी गर्नुभयो । त्यो आम्दानीको केही रकमबाट उहाँले आफ्ना २ छोरीहरूका लागि कापी किताब किनिदिनु भयो । छोरीहरूले छिमेकमा गएर उत्साहित हुँदै "बाबाले हामीलाई कापी किताब किनिदिनु भयो" भनी गर्वको साथ सुनाउँदा रमेश निकै खुसी हुनुभयो । त्यही दिनदेखि त्यस ठाउँमा अपाङ्गता भएको व्यक्तिले केही गर्न सक्दैन भन्ने गलत धारणामा परिवतर्नको शुरुवात भयो ।

आम्दानीबाट रमेशले फेरि ५० ओटा चल्ला किन्नुभयो । असल छिमेकी नेपाल अनुगमनको क्रममा उहाँलाई भेट्न जाँदा कुखुरा करिब डेढ के.जी.को भइसकेका थिए । त्यतिखेर एक जना ग्राहक कुखुरा किन्न आएका थिए ।"अब तपाई के गर्नुहुन्छ ?" भनेर सोध्दा उहाँले भन्नुभयो, "अलिकता खोर बढाएर १०० ओटा कुखुरा पाल्ने मन छ ।"

एउटा सानो सहायताले पनि उहाँको जीवनमा ठूलो परिवर्तन आयो ।यसले उहाँको जीवनमा खुसी ल्यायो । परिवारमा अर्थिक सहायता पुऱ्याउन सक्दा उहाँलाई वर्ग महसुस हुन्छ । अझ महत्वपूर्ण कुरा जुन समाजले केही गर्न सक्दैनौ भनेको थियो, उनीहरूको गलत धारणालाई चिर्न सफल हुनुभयो । अपाङ्गता भएको व्यक्तिले पनि परिवारमा र समुदायमा समेत योगदान पुऱ्याउन सक्छ भन्ने कुराको एक ज्वलन्त उधारण बन्नुभयो । उहाँलाई जसजसले यो कामको लागि उत्साह दिनुभयो, यसका लागि सबै प्रति एकदमै धन्यवादी हुनुहुन्छ ।

# २. शान्तिपूर्ण र समावेशी समाज प्रवर्द्धनका कार्यक्रमहरू

**उद्देश्य** : समुदायमा रहेका स्रोत र साधनको प्रयोग गरी पछाडि पारिएका समुदाय तथा वर्गका समस्याहरूको न्यूनीकरणमा सहयोग पुऱ्याउनु ।

**लक्षित वर्ग** : सीमान्तकृत समुदाय ।

**कार्य क्षेत्र** : पूर्व र पश्चिम नवलपरासी ।

## समुह विकास क्षमता अभिबृद्धि

| क्रियाकलाप संख्या | लाभान्वित संख्या |
|---|---|
| ५८ | १५४३ |

## सामाजिक समस्या विरुद्ध सचेतना

| क्रियाकलाप संख्या | लाभान्वित संख्या |
|---|---|
| ४१ | १४०९ |

## जिविकोपार्जन विकास तालिम

| क्रियाकलाप संख्या | लाभान्वित संख्या |
|---|---|
| १९ | ४५६ |



# नयाँ आशा, उत्साहका साथ अघि बढ्दै दिदीबहिनीहरू

**सामाजिक नियम तोड्दै, अघि बढ्दै दिदीबहिनी**

तराईका समुदायहरूमा महिलाहरू घरबाट बाहिर निस्कन हुँदैन भन्ने चलन रहेको छ । श्रीमान् अथवा घरको छोरा मान्छेले कमाएर ल्याउने र महिलाहरूचाहिँ घरको चुलोचौकामा सीमित रहने प्रचलन पहिलेदेखि रहिआएको छ । सोही कारण महिलाहरूमा आफै केही गर्छु भन्ने भावनाको कमी भएको देखिन्छ । यस्तै एक टोल हो पाल्हिनन्दन– ३, प्रसिया ।

प्रायः विपन्न र निरक्षर मानिने यस टोलका महिलाहरूको जनजीवन घरको चुलोचौकामा सीमित रहन्थ्यो । बाहिर केही गर्न पनि मानिसहरूले के भन्लान् भनी साहस गर्न सक्दैथे । चलिआएको चलनका नाममा तिनै कुराहरूमा बाँधिनु पर्दा त्यहाँका महिलाहरू धेरै पछाडि परिरहेका थिए । सँगैका छिमेकी टोलहरूमा अरू महिलाहरूले गरेका प्रगतिका कार्यहरू देखेर प्रसिया टोलका महिलाहरूले पनि अब केही गर्नुपर्छ भनी असल छिमेकी नेपालको सहयोगमा २० जना महिलाहरूको एक समूह बनाए, जसको नाम शीतल समूह भनी नामकरण पनि गरे ।

महिलाहरू मिलेर नै केही गर्नुपर्छ भन्ने भावना बोकेको शीतल समूहमा बचत गर्ने बानी विकास गर्नका लागि २० रुपैँयाबाट बचत गर्न सुरु गरियो । बचत गरेको सोही रकमले समूहका महिलाहरू ऋण तथा लगानीको हिसाब किताब राख्न सक्ने भएका छन् । समूहमा चाहिने वृद्धि विकासका तालिमहरूको माग गरी सहभागी हुन थालेका छन् । हाल शीतल समूहका माहिलाहरू आफूले गरेको बचतबाट व्यवसाय तथा कृषिमा लगानी गरी आफ्नो आयस्तर बढाइरहेका छन् । यतिमा मात्र सीमित नभई शीतल समूहका महिलाहरूले आफ्नो समूहलाई वडामा दर्ता गरी सरकारले दिने सहुलियतको फाइदा पनि लिइरहेका छन् ।

शीतल समूहका सदस्यहरू भन्छन्, "हामी पढेलेखेको नभएपनि हाम्रो आँट र हौसला बनेर हामीलाई अघि बढ्न प्रोत्साहन गरिदिएको असल छिमेकी नेपालप्रति आभारी छौं ।"



# आम्दानीको बाटो भेटाएँ

म ४६ वर्षीया बिन्दुदेवी यादव पश्चिम नवलपरासीको सरावल–६, पुसौली टोलमा ५ जनाको परिवारमा बस्छु । सानैमा लेखपढ गर्न पाइन । गोठालो भएर नै मेरो बाल्यकाल बित्यो । म गाईवस्तुहरूसँग नै हुर्किएँ । तिनीहरू नै मेरा साथी भए ।

गाईवस्तु सप्रिँदै गए मलाई पनि खुसी लाग्छ र मरे भने धेरै दुःख । आजसम्म कतिवटा पशु पालेँ मलाई थाहा छैन । पहिले रहरको लागि पाल्ने गरिन्थ्यो, विवाहपछि भने बेच्नका लागि पाल्ने गर्छु । धेरै पाल्नु र थोरै पाल्नुमा फरक पर्ने रहेछ । राम्रो स्याहार नपुगेर होला धेरै मरे ।

घरेलु पेशा भनेर कुनै तालिम पनि लिने गरेकी थिइनँ । आफूलाई जस्तो आउँछ त्यस्तै तरि काले व्यवसाय चलाइरहेकी थिएँ तर पछिल्ला दिनहरूमा भने मेरो व्यवसाय त्यति राम्रो हुन सकेन । यस्तो देख्दा कहिलेकाहीँ पशुपालन व्यवसाय नै छोड्न मन लाग्थ्यो ।

यसो गर्न भने मलाई मेरो समूहका सदस्यहरूले दिएनन्, बरु मलाई पशुपालन सम्बन्धी ३ दिने तालिममा आउन सल्लाह दिए । उक्त तालिम मेरा लागि एकदमै उत्कृष्ट साबित हुन पुग्यो । तालिममा प्रशिक्षकले पशुहरूमा लाग्ने रोगहरूको लक्षण र उपचारबारे बताउनुभयो । पहिले पहिले मेरा पशु बिरामी हुँदा धेरै खर्च हुने डर हुन्थ्यो । पशु विशेषज्ञबारे जानकारी पनि थिएन । प्रशिक्षकले घरेलु उपचारका बारेमा सिकाउँदा म आफैँ पनि गर्न सक्छु भन्ने आँट आयो । यसो गर्दा पैसा पनि खर्च नहुने भयो । तालिमपछि संस्थाले हामीलाई पशुपालन गर्दा आवश्यक पर्ने सामग्रीहरू जस्तै दाना, भिटामिन, औषधीहरू पनि दियो । अहिले यस पेशा प्रति अझ आकर्षण बढेको छ । अझै केही बाख्राहरू थप्ने विचार गर्दैछु । यसरी पशुपालन गर्दा मेरो व्यवसाय राम्रो भएको छ ।



यही महिनामा मात्रै मैले रू. १६,००० मा एउटा खसी बेचें । म जस्ता ग्रामीण क्षेत्रमा बस्ने दिदिबहिनीहरूलाई घरमै बसी आम्दानीको बाटो देखाइदिने मेरो समूह र असल छिमेकी नेपाल प्रति धेरै आभारी छु ।

## ३. स्वस्थ तथा समृद्ध जीवन

**उद्देश्य** : वस्थ जीवनको सुनिश्चितताका लागि जीवनस्तर प्रवर्द्धन गर्नु ।
**लक्षित वर्ग** : सीमान्तकृत समुदाय ।
**कार्य क्षेत्र** : बर्दघाट सुस्ता पश्चिम नवलपरासी ।

दिगो विकास ३ का लक्ष्यहरू अन्तर्गत सन् २०३० सम्ममा विश्वव्यापी मातृ मृत्युदरलाई हरेक १,००,००० जीवित जन्ममा ७० भन्दा तल झार्ने, ५ वर्षमुनिका रक्षा गर्न सकिने नवजात शिशु तथा बाल मृत्युको अन्त्य गर्ने, एड्स, क्षयरोग, मलेरिया तथा अरू उपेक्षित उष्णदेशीय रोग सम्बन्धी महामारीको अन्त्य गर्ने र हेपाटाईटिस, पानीबाट सर्ने रोगहरू तथा अन्य सरुवा रोगहरूको नियन्त्रण गर्ने, नसर्ने रोगबाट हुने असामयिक मृत्युदर रोकथाम र उपचारबाट एक तिहाइले कम गर्ने र मानसिक स्वास्थ्य तथा समृद्ध जीवनको प्रवर्द्धन गर्ने, यौन तथा प्रजनन सम्बन्धी स्वास्थ्य सेवामा सबैको पहुँच सुनिश्चित गर्नुका साथै परिवार नियोजनको सूचना र शिक्षा तथा प्रजनन स्वास्थ्यलाई राष्ट्रिय रणनीति र कार्यक्रममा आवद्ध गर्ने र लागु पदार्थ तथा मादक पदार्थको हानिकारक प्रयोगको रोकथाम तथा उपचारलाई सुदृढ गर्ने विषयहरू पर्दछन् । यिनै विषयहरूमा केन्द्रित हुँदै असल छिमेकी नेपालले सन् २००३ देखि विशेष गरी नवलपरासीका समुदायहरूमा रहेर काम गर्दै आएको छ ।

**कार्यहरू :**

- **५८०** जनामा स्वास्थ्य सचेतना कार्यक्रम ।
- **१,०००** भन्दा बढी विद्यार्थीलाई स्वास्थ्य सचेतना कार्यक्रम ।
- **५** वटा खानेपानी धारा निर्माण जसबाट ७० परिवार लाभान्वित ।
- **१८** वटा शौचालय निर्माण ।



## ३.१. नवजीवन (लागू पदार्थ तथा रक्सी प्रयोगकर्ता महिलाहरूका लागि उपचार तथा पुनर्स्थापना कार्यक्रम)

**उद्देश्य** : लागु पदार्थको हानिकारक प्रयोगको रोकथाम तथा उपचारलाई सुदृढ गर्नु र लागु औषध मुक्त समाज निर्माण गरी शान्तिपूर्ण वातावरणको सिर्जना गर्नु ।

**लक्षित वर्ग** : लागु पदार्थ तथा रक्सी प्रयोगकर्ता महिलाहरू ।

**कार्य क्षेत्र** : कास्की (सेवा प्रदान नेपालभरका लागि) ।

२०६१ सालदेखि सुरु भएको नवजीवन पुनर्स्थापना कार्यक्रम विशेष गरी लागुपदार्थ तथा रक्सी प्रयोगकर्ता महिलाहरूका लागि उपचार कार्यक्रम हो । हालसम्म २७३ जनाले भर्ना भएर उपचार सेवा लिएका छन् भने १९३ जना उपचारपछि परिवार र समाजमा सुधारिएको परिवर्तित जीवन बिताउन सफल भएका छन् ।

उपचारपछि सेवाग्राहीहरूको सिप, क्षमता, अन्तरव्यक्ति सम्बन्ध, नेतृत्व विकास र आत्मबलमा भएको वृद्धिसंगै उनीहरू नशाको दलदलबाट माथि उठेर आफ्नो स्वास्थ्यमा ख्याल गर्दै पढाइ, रोजगारी, व्यवसाय र पारिवारिक जिम्मेवारी सफलतापूर्वक वहन गर्न सक्षम भएका छन् । यस वर्ष आवासीय कार्यक्रममा ३० जना महिलाहरूले उपचार सेवा लिए भने बाह्य सम्पर्कमा (समुदायमा आउटरिच कार्यक्रम मार्फत्) ४५ जना लागुपदार्थ प्रयोगकर्ताहरू, १२० जना रक्सी प्रयोगकर्ताहरू, १४ जना चुरोट प्रयोगकर्ताहरू र ५२ जना उपचारपछि नशारहित जीवन बिताएका सेवाग्राहीहरूलाई भेटघाट र परामर्श सेवा प्रदान गरियो । यस वर्षलागुऔषध रोकथामका लागि समुदायमा जनचेतना फैलाउने उद्देश्यले ७४७ जना महिला,पुरुष र विद्यार्थीहरूका माझमा सचेतनामूलक कक्षा र बैठक सञ्चालन गरियो ।

### बाह्य सम्पर्क

| | |
|---|---|
| १३५ | बाह्य सर्म्पक कार्यक्रम (आउटरिच) |
| २३१ | बाह्य सर्म्पकमा भेटिएका सेवाग्राहीहरू नयाँ र पुराना |
| २२८ | पारिवारिक भेटघाट,परामर्श र बैठक |
| ३ | सेवार्थीहरूसँग भेटघाट कार्यक्रम |
| ४ | समुदायका महिलाहरूसँग लागुऔषध सम्बन्धी अन्तरक्रिया बैठक |
| ३२० | किशोर किशोरीहरूलाई लागुऔषध जनचेतना कक्षा |
| ५ | समुदायमा लागुऔषध सचेतना कक्षा (आमासमूह,सुकुम्बासी समुदायमा) |
| ३३ | अन्तर्राष्ट्रिय नारी दिवस तथा सचेतना |
| ५१० | ब्रोसर वितरण/नवजीवन विज्ञापन |
| ११ | मनोसामाजिक तथा स्वास्थ्य सहयोग (आपतकालीन अवस्थामा भएका महिला तथा किशोरीहरूलाई र उनीहरूका बच्चाहरूलाई) |
| ३४ | लागुऔषध ओसारपसारविरुद्ध अन्तर्राष्ट्रिय दिवस र सचेतना |

### आवासीय कार्यक्रम

| | |
|---|---|
| ३० | सेवाग्राही भर्ना |
| २२ | ३ महिना उपचार अवधि पूरा गर्नेहरू |
| ६ | उपचार सेवा बिचमा छोड्नेहरू र स्वास्थ्य उपचारका लागि अस्पतालमा रेफर भएकाहरू |
| १० | ५ महिना देखि १ वर्ष उपचार सेवा पूरा गर्नेहरू |
| १७ | पुनर्स्थापित भएकाहरू |
| १५ | निःशुल्क सेवा लिनेहरू |
| ३ | सेवाग्राहीहरूलाई अवलोकन भ्रमण |
| २ | पुनर्स्थापित सेवाग्राहीलाई रोजगारी |
| ८ | सेवाग्राहीहरूलाई आयआर्जनका तालिमहरू |
| ७ | ३ महिने सिलाइकाटाइ तालिम |
| ४७८ | सेवाग्राहीहरूलाई प्रौढ शिक्षा तथा पढ्नका लागि सहयोग |
| ३८८ | स्वास्थ्य जाँच |
| २७८ | मनोसामाजिक परामर्श |
| २५ | हस्तकला तथा सिप सिकाइ |
| २०१ | शैक्षिक कक्षा |
| ४ | सेवाग्राहीका बालबालिकालाई विद्यालयका लागि सहयोग तथा पोषण सहयोग |



# परिवर्तनको कथा

मेरो नाम रोजी हो । म ३३ वर्षकी भएँ । म पोखरामा बस्छु । म पोखरामै जन्में, हुर्के र पढें । म सानै हुँदा मेरो बाबा र आमा अलग हुनुभयो । म परिवारकी जेठी छोरी भएको हुनाले परिवारको थेरैजसो जिम्मेवारी म माथि नै हुन्थ्यो । म सानैबाट घरको जिम्मेवारी लिने, भाइबहीनीहरू हेर्ने काम गर्थे । मेरो पढाइ पनि थेरै राम्रो थियो । स्कुलमा सधैं प्रथम हुने भएकोले मेरो पढाइको लागि परिवारले पैसा खर्च गर्नु परेको थिएन । स्कुलले मलाई छात्रवृत्ति दिएको थियो । म सानोमा बोर्डिङ स्कुलमा पढें । त्यस पछि भाइबहिनीलाई पढाउनुपर्ने भएकोहुनाले बाबाले खर्च धान्न नसकेर सरकारी स्कुलमा भर्ना गरिदिनुभयो ।

प्रशस्त थियो । सात वर्षपछि हाम्रो विवाहलाई परिवारले स्विकार्दै घरमा बोलायो । दुईवर्ष परिवारमा बिताए पछि परिवारको आम्दानीका लागि व्यवसाय गर्ने सोच बनायौं र पैंतीस लाख लगानी गरी पोखरामा फेन्सी पसल सुरु गर्‍यौं ।लगानी पनि बढाउँदै गयौं । सुरुका दिनहरूमा व्यवसाय राम्रो चलेको थियो तर पछि बिस्तारै बैंकको उच्च ब्याजदर, आफ्नै कमजोरी र विभिन्न व्यावहारिक कारणहरूले व्यवसाय घाटामा गयो । हामी झन्झन् ऋणमा फस्दै गयौं । त्यसपछि प्रत्यक्ष रूपले थेरै कुराहरूले असर गर्न थाले । पारिवारिक सम्बन्ध पनि बिग्रँदै गयो । हामी श्रीमान्–श्रीमतीको बिचमा पनि असमझदारी बढ्दै गयो, कुरा नमिल्ने खालको वातावरण सिर्जना भयो ।

उमेरमा हामी दुवै जना कच्चै थियौं । थेरै मानसिक तनाव हुन थाल्यो । यी कुराहरूले मलाई बिस्तारै नराम्रो कुरा रोज्न प्रेरित गर्‍यो । मैले मदिरा (बियर, वाइन र रक्सी) पिउन थालें । मैले एस.एल.सी. दिएपछि सँगै पढ्ने कक्षाको साथीसँग प्रेम विवाह गरेँ । मेरो श्रीमान्को परिवारले सात वर्षसम्म प्रेम विवाहलाई स्वीकार गरेन । त्यसैले मेरो परिवार भनेको श्रीमान् र म मात्र थियौं । हामी दुवैको कमाइ हाम्रो लागि र लतमा पर्दै गएँ । यस बिचमा मेरो जीवनमा थेरै कुराहरूमा परिवर्तन आए । म शारीरिक र मानसिक रूपमा नै अक्षम हुने गरी बिरामी भएँ । म निको हुन १ वर्ष ६ महिना लाग्यो । बिरामी हुँदा परिवारले मलाई थेरै सपोर्ट गर्‍यो । म निको हुँदै थिएँ त्यहीबेला मेरो ससुरा बाबाको निधन भयो । यो क्षण मेरो निम्ति जीवनको सबैभन्दा पीडादायी क्षण थियो किनभने बाबाले मलाई आफ्नै छोरीलाई भन्दा थेरै माया दिनुभएको थियो । मैले आफू टुहुरो भएको महसुस गरेँ । त्यसपछिका दिनहरू निकै दुःखपूर्ण थिए । श्रीमान् पनि विदेश जानुभयो । त्यसपछि झन् एक्लो हुँदै गएँ । मेरा दिनहरू थेरै जसो नशामा र एक्लै बित्न थाले । मेरो परिवारले मलाई उपचारको लागि नवजीवनमा ल्याइदियो । सुरुसुरुमा त निकै रिस उठेको थियो । पछि बस्दै जाँदा यहाँको वातावरणले मलाई प्रभाव पार्दै गयो । राम्रोका लागि र परिवर्तनका लागि यहाँ बस्नुपर्छ भन्ने महसुस भयो । मैले आफू जीवनको एकदम महत्वपूर्ण Turning point मा उभिरहेको महसुस गरेँ ।

नवजीवनमा बस्दा मैले एकदिन बाजको जीवनचक्रबारे भिडियो हेरेँ। भिडियोले मलाई एकदमै छोयो । मैले बाजको ठाउँमा आफूलाई राखेर मुल्याङ्कन गरेँ । त्यसपछि मैले परिवर्तनको प्रक्रिया जति गाह्रो हुन्छ, परिवर्तन पछिको जीवन त्यति नै सुन्दर हुन्छ भन्ने कुरा बुझें । अहिले म एउटा बुढो बाजसरहनै छु । मेरो जीवनमा नयाँ प्वाँख पलाउन नवजीवनले मलाई पूर्ण रूपमा मद्दत गरिरहेको छ । मलाई विश्वास छ अब म एउटा जवान बाजसरह आफ्नो जीवन जिउने छु । आफ्नो निम्ति आहाराको व्यवस्था आफै गर्न सक्षम हुनेछु । यो नयाँ जीवनका लागि असल छिमेकी नेपाललाई म मेरो हृदयदेखि धन्यवाद दिन्छु । उहाहरूप्रति सधैंनै आभारीछु ।

मैले नवजीवन कार्यक्रममा रहँदा थेरै कुराहरू सिक्ने, बुझ्ने र आफैलाई खोज्ने, शान्त वातावरणमा आफूलाई नजिकबाट नियाल्ने मौका पाएँ । हरेक दिन मेरो लागि नयाँ सिकाइ हुन्थ्यो। साना–साना कुराहरूले मलाई शिक्षा र हौसला प्रदान गर्थे । म जस्ता अन्य महिलाहरू पनि त्यहाँ थिए । नवजीवनका कर्मचारीहरूको धैर्य र उहाँहरूले गरेकोकाम निकै प्रशंसायोग्य छ । नवजीवनले महिलाहरूलाई कुलतबाट छुटकारा दिने मात्र नभएर महिलाहरूलाई सक्षम पनि बनाइरहेको छ । नवजीवनले थेरै महिलाको जीवनमा सकारात्मक परिवर्तन ल्याइदिएको छ र उनीहरूको सशक्तीकरण गरिरहेको छ । मैले एउटा परिवार पाएकी छु । यो एक वर्षको अवधिमा विभिन्न तालिमहरूमा जाने अवसर पनि मिल्यो । यसले मलाई नयाँ तरिकाले जिउन सिकाएको छ । अहिले म नशारहित छु भन्न पाउँदा थेरै खुशी लाग्छ । म नयाँ भर्ना भएका सेवाग्राहीलाई उत्प्रेरणा दिन्छु, सहयोग गर्छु । थेरै धन्यवाद छ, असल छिमेकी नेपाल परिवारलाई!

## ३.२. मानव बेचबिखनविरुद्ध सचेतना तथा स्वास्थ्य प्रवर्द्धन

**उद्देश्य** : समुदायका किशोर किशोरीहरू, महिला र युवाहरूलाई बालविवाह तथा बेचबिखनका कार्यलाई न्यूनीकरण गर्न योगदान पुऱ्याउने ।
**लक्षित वर्ग** : लागु पदार्थ तथा रक्सी प्रयोगकर्ता महिलाहरू ।
**कार्य क्षेत्र** : कास्की, म्याग्दी र पूर्वी नवलपरासी ।

### कास्की

- १५२ पटक १३१ जनालाई समूदाय बाहृय सर्म्पक कार्यक्रम(आउटरिच)
- ६ पटक १०५ जनालाई लाभग्राहीहरूसँग भेटघाट बैठक
- ८ पटक ९६० जनालाई समुदायका महिलाहरूलाई मानव बेचबिखन सम्बन्धी सचेतना कक्षा
- १० आवासीय लाभग्राहीहरूलाई रिकभरी सहयोग
- २ पटक ५४ जनालाई सरकारी तथा गैर सरकारी निकाय, सुरक्षा निकाय तथा विभिन्न संघ–संस्थासँग समन्वय बैठक तथा अन्तरक्रिया
- १५०० जनालाई IEC सामग्रीहरू समुदायमा वितरण

### म्याग्दी

- ९ वटा स्वास्थ्य केन्द्रहरूलाई स्वास्थ्य सामग्री वितरण ।
- ४० जना सामुदायिक समूहलाई कोभिड व्यवस्थापनको तालिम ।
- ३६ जना महिला स्वास्थ्य स्वयम्सेवकलाई कोभिड व्यवस्थापन तथा क्षमता विकास तालिम तथा प्राथमिक उपचार बाकस वितरण ।




### नवलपरासी

- ३०१ जना विद्यालय तथा कलेज विद्यार्थीहरूलाई सचेतना कार्यक्रम ।
- १९८ समुदायका महिला आमा समूहलाई सचेतना गोष्ठी कार्यक्रम
- ४२ विभिन्न सरोकारवालाहरूसँग छलफल कार्यक्रम
- २१० सचेतनामूलक सामग्री वितरण



# परिवर्तनको कथा



सृष्टि परियार १३ वर्षिया किशोरी हुन् । कक्षा ८ मा अध्ययनरत उनी म्याग्दीमा बस्छिन् । मध्यम वर्गीय परिवारमा हुर्केकी उनको बाल्यकाल सामान्य प्रकारले बितेको थियो । बाबाले ड्राइभरको काम र आमाले स्कुलमा पढाउने काम गर्नुहुन्छ । बाबाआमा काममा व्यस्त हुने हुनाले उनी सानै देखि हजुरआमासँग नजिक थिइन् । उनी कक्षा ६ सम्म गाउँमा पढिन् । त्यसपछि परिवारले राम्रो शिक्षा दिनको लागि उनलाई बाग्लुङ बजारमा कोठा लिएर दिदीसँग राखेर पढाउन सुरु गऱ्यो । दिदीको कलेज बिहानमा र उनको स्कुल दिउँसोमा भएको हुनाले दिदीबहीनी सँगै बस्ने समय प्रायः मिल्दैनथ्यो । उनी बिहान र बेलुका घरमा एक्लै बस्ने गर्थिन् । उनलाई कोठामा बस्दा वास्ता गर्ने र सम्झाउने अभिभावकको अभाव थियो । गाउँमा बसेका बाबाआमासँग उनको कुराकानी कमै मात्र हुन्थ्यो । उनले एक्लै हुँदा फेसबुक, टिकटक हेर्ने, साथीहरू बनाउने,कुरा गर्ने,समय बिताउने गर्न थालिन् । उनी बिस्तारै सोसल मिडियामा आकर्षित हुँदै गइन् । यसबाट उनको सम्बन्ध स्कुलभन्दा बाहिरका अन्य साथीहरू र केटाहरूसँग हुन थाल्यो । यसरी उनी यौन शोषणको जोखिममा पनि परिन् । चुरोट, गाँजा र हुक्का सेवन गर्न थाले की उनलाई अरूभन्दा पृथक छु भन्ने महसुस हुन थाल्यो । उनी गलत सङ्गतमा पर्दै गएको उनलाई पत्तै भएन ।

उनको गलत व्यवहार र कोठाबाट हराउने क्रम बढेपछि उनको परिवारले उनलाई गाउँमा लिएर गयो । गाउँमा पनि उनको व्यवहारमा परिवर्तन नआएपछि उनको परिवारले म्याग्दीमा भएको पुरुष उपचार केन्द्रमार्फत् असल छिमेकी नेपाल नवजीवन पुनर्स्थापना कार्यक्रमको बारेमा थाहा पाएर फोन मार्फत् सम्पर्क गरी उनलाई असल छिमेकी नेपालको नवजीवन उपचार केन्द्रमा ल्याई भर्ना गरिदियो ।

सुरुमा आउँदा उनी भुइँमा हेरेर मात्र कुरा गर्ने, शिर ठाडोगरी नबोल्ने, सानो–सानो कुरामा रुने, आत्मबल एकदम कमजोर भइसकेको र डराउने अवस्थामा थिइन् । उपचार केन्द्रमा सहभागी भएपछि उनको आत्मबलमा वृद्धि भएको छ, शारीरिक स्वास्थ्यमा सुधार आएको छ, सरसफाइमा ध्यान दिने,समयमा सुत्ने र क्रियाकलापमा सहभागी हुने, घरायसी कामहरू राम्रोसँग गर्नसक्ने भएकी छिन् । उनका व्यवहारहरूमा पनि परिवर्तन आएको छ जस्तैःझुठ बोल्ने बानीमा सुधार, अरूलाई आदर गर्ने,मनका कुराहरू बाँड्ने आदि । उनको परिवारसँगको सम्बन्धमा पनि सुधार भएको छ ।

सेवाग्राही उमेरमा सानो भएको हुनाले र उनलाई सही र गलतको राम्रो ज्ञान नभएको हुनाले उनलाई परामर्शदाताले परामर्श सेसनमा व्यवहारिक ज्ञानहरू दिने र अभिभावकसँग पनि कार्यालयमा बोलाएर पारिवारिक परामर्शका सेसनहरू गर्ने गरेका थिए । यसबाट अभिभावकले सेवाग्राहीसँग अभिभावकको भूमिका निर्वाह कसरी गर्ने भन्ने सिकाइ भएको छ ।

हाल सृष्टि र उनको परिवारको सम्बन्ध थेरै राम्रो भएको छ । उनमा सकारात्मक परिवर्तनहरू देखिएकाले उपचार को ४ महिनापछि उनी पुनः कक्षा ८ मा भर्ना भई पढ्न थालेकी छिन् । उनी अहिले आफ्नो परिवारमा पुनर्स्थापित भएकी छन् । गलत सङ्गत र नशा सेवनका कारण स्वास्थ्यमा परेको नकारात्मक असरले गर्दा घरीघरी अस्पताल धाइरहनुपर्दा उनको चेत खुलेको छ । उनी भन्छिन्,“अब म कहिले पनि गलत बाटोमा र गलत साथीहरूसँग हिँड्ने छैन । परिवारले भनेको कुराहरूमा ध्यान दिनेछु । मैले थेरैकुराहरू भोगेँ र महसुस गरेँ । म मेरो परिवार र नवजीवन कार्यक्रमका सबै मिसहरूलाई धन्यवाद दिन्छु । उहाँहरूले मलाई नयाँ जीवन दिनुभएको छ । अब म राम्रोसँग पढ्छु र परिवारलाई खुसी दिन्छु । मलाई भेट्न आउँदै गर्नुहोला । म पनि तपाईंहरूलाई बिर्सन सक्दिनँ । छुट्टीको समयमा भेट्न आउने छु ।” उनको अहिलेको परिवर्तन देखेर परिवारका सबै जना आनन्दित हुनुहुन्छ ।

# बोल्न सिकायो




२ सन्तानकी आमा हुनुहुन्छ ३८ वर्षीया तिलीसरा सारु । पूर्वी नवलपरासी हुप्से कोट गाउँपालिका, वडा न ४ चारघरेमा उहाँ ५ जनाको परिवारमा बस्नुहुन्छ । छोरा विद्यालय जाँदा आमा तिलीसरा सारु पनि सँगै ११ देखि १ बजे सम्म गृहिणी शिक्षामा पढ्न विद्यालय जानुहुन्छ । श्री बाल जागरण आधारभूत विद्यालयमा अहिले २२ जना आमाहरू आ–आफ्ना छोराछोरीसँग विद्यालयमा गएर गृहणी शिक्षा लिइरहेका छन् ।

गाउँघरमा छोरीले पढ्न हुँदैन, अर्काको घर जाने जातले पढेर के पाइन्छ र ? बरु घरधन्दा सिक्यो भने विवाहपछि घर व्यवहार चलाउन सकिन्छ भन्ने सोच भएको समुदायमा जन्मनु भएको हो तिलीसरा सारु । उहाँले पढ्न र बोल्न त मन लाग्ने तर बोल्न नसक्ने कारणले आफ्नो इच्छा मनमै राख्दै आउनुभएको थियो । एक दिन असल छिमेकी नेपालबाट बाल जागरण आधारभूत विद्यालयले आमाहरूको लागि भनेर गृहिणी शिक्षा सुरु गरेको कुरा थाहा पाउनुभयो। उहाँ त्यही गृहिणी शिक्षामा बिहान ११ देखि १ बजेसम्म कक्षामा सहभागी हुनुहुन्छ ।

तिलीसरा सारु भन्नुहुन्छ, “सुरुमा त कसैले केही भन्ने हो कि भनेर लाज र डर लागिरहेको थियो । पछि भने अरू साथीहरूसँगै हिँड्न थालें, बानी पनि भयो । असल छिमेकी नेपालको बाल विवाह तथा मानव बेचविखन सम्बन्धी सचेतना कार्यक्रममा भाग लिने अवसर पाएँ । त्यहाँ हामी चुप लागेर बस्न नहुने रहेछ, समाज बनाउनका लागि हामीले बोल्नै पर्ने रहेछ भन्ने बारे केही सिक्ने अवसर पाएँ। त्यसपछि ममा आँट बढ्दै गयो । मैले समाजमा केही गर्नुपर्छ भन्ने अठोटका साथ स्कुलमा पढ्न थालेँ ।अहिले म निर्धकसाथ बोल्न सक्छु । अब म चुप लागेर बस्दिनँ । बाल विवाह हुन लागेको थाहा पाउनासाथ सम्बन्धित निकायमा खबर गर्छु । भीरपाखा, डोको नाम्लो किन नहोस् विद्यालयमा पढ्न र सिक्न छोड्दिनँ ।”

# ४. समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा

**उद्देश्य** : मानव चेतना र क्षमता विकाससँगै सबैका लागि समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्नु र जीवनपर्यन्त सिकाइका अवसरहरूको प्रवर्द्धन गर्नु ।

**लक्षित वर्ग** : विद्यालयको शिक्षक, विद्यार्थी तथा अभिभावकहरु ।

**कार्य क्षेत्र** : गोरखा, कास्की ।

शिक्षा सबैको नैसर्गिक अधिकार हो भनिए तापनि नेपालका कतिपय ठाउँहरूमा बालबालिकाहरू यसबाट अलग रहन बाध्य हुने गर्दछन् । विकट दूरदराजका गाउँहरूमा भन्दा पनि सहरबजार क्षेत्रका बालबालिकाहरू यसबाट वञ्चित भएको पाउन सकिन्छ । यस्तै बालबालिकाहरू प्राथमिक शिक्षा हासिल गर्नबाट वञ्चित नहोऊन् भन्ने हेतुले असल छिमेकी नेपालले सन् २०१५ को भूकम्पपछि गोरखाका विद्यालयहरूमा र हाल कास्कीका ४ वटा विद्यालयहरूमा गुणस्तरीय बाल विकास, स्याहार र पूर्व प्राथमिक शिक्षामा सबै बालबालिकाको पहुँच सुनिश्चित गर्ने कार्य गरेको छ ।

## गोरखा

- **१२** जना शिक्षकलाई अङ्ग्रेजी भाषा प्रशिक्षण (आधारभूत) अनलाइन
- **१६** जना शिक्षकलाई अङ्ग्रेजी भाषा प्रशिक्षण (स्तर–१)
- **२८** जना शिक्षकलाई सरोकारवालाहरुको भूमिकामा अभिमुखीकरण/कार्यशाला
- **१२** जना शिक्षकलाई ३ दिने अंग्रेजी शिक्षक तालिम
- **४४** जनामा अभिभावकको भूमिकामा अभिमुखीकरण/कार्यशाला
- **१८** जना शिक्षकलाई अङ्ग्रेजी शिक्षकहरुको समस्या निवारणका लागि सञ्जाल विकास कार्यक्रम (रिफ्रेसर)
- **५** जना शिक्षकलाई मल्टिमिडिया/अनलाइन श्रोतहरु प्रयोग गर्ने तालिम
- **१३** जना शिक्षकलाई मल्टिमिडिया (आइ.टि.) प्रयोग गरी अङ्ग्रेजी पढाउने
- **१००** जना शिक्षकलाई प्रेरक प्रशिक्षण/सत्र (चरित्र निर्माण र करियर विकास)
- **२** जना शिक्षकलाई मिडिया प्रविधि स्थापना कार्यक्रम
- **२८** जना शिक्षकलाई अनुगमन र समस्या सुटिङ बैठक
- **२** जना शिक्षकलाई स्रोत साधनको उपयोगको अनुगमन गतिविधि
- **७** जना शिक्षकलाई वार्षिक अनुगमन

## कास्की

| | |
|---|---|
| १२० | विद्यार्थीहरूको आवश्यकताको मूल्याङ्कन |
| १२० | विद्यार्थीहरू छनोटको निर्णय |
| १२० | परिवारहरूसँग प्रतिबद्धता |
| ६५ | विद्यालय शुल्क र अन्य शुल्कहरूको सहयोग |
| ३५९ | पुस्तकहरू र स्टेशनरीहरूको सहयोग |
| २७५ | सान्दर्भिक विषयहरूमा अभिभावक बैठक सत्रहरू वा सभाहरू सञ्चालन |
| २ | वटा बाल क्लबबाट २०० बालबालिका लाभान्वित |





कृषा राई

## बालक्लबले नयाँ कुराहरु सिक्न मद्दत गर्‍यो

कक्षा ४ मा अध्ययनरत १२ वर्षिया कृषा राई, ४ जना दाजुभाइ र आमाबुवाको साथमा पोखरा १९ लामाचौरमा बस्नुहुन्छ । साथीहरुसँग खेलेर हिड्ने कलिलो उमेरमा परिवारको जिम्मेवारी काँधमा बोक्नु भएको छ । आमाबुवा दैनिक ज्याला मजदुरीको काम गर्नुहुन्छ र सबेरै उठेर काममा जानुपर्ने हुनाले, ४ दाजुभाइका लागि खाना पकाउने, घर सफा गर्ने, पानी भर्ने आदि घरको सबै काम कृषाले गर्नुहुन्छ । लगनशील कृषा घरको काममा मात्र नभई, पढाइमा पनि उत्तिनै अब्बल हुनुहुन्छ । कृषा भन्नुहुन्छ, **"मेरो परिवारले हाम्रो राम्रो भविष्य र गुणस्तर शिक्षाको लागि आफ्नो पुर्खेउली गाँउ छाडेर आउनुभयो । मेरी आमाले कहिल्यै विद्यालय जाने मौका पाउनुभएन । उहाँको ठूलो इच्छा भनेकै, हामीले धेरै पढेर राम्रो पेशामा लागोस्, जसका कारण पछि गएर आफुले जस्तो दुख नपाओस् भन्ने छ ।"** कृषालाई घरको अवस्था देखेर कहिलेकाहिँ बाबाआमाको इच्छा पुरा गर्न सकिन्न झैं लाग्ने गर्थ्यो, तर हाल असल छिमेकी नेपालको शैक्षिक विकास परियोजनाको छात्रावृत्तिले फेरि नयाँ जोश ल्याएको छ ।

कृषालाई पनि धेरै पढेर डाक्टर बन्ने इच्छा छ । कृषालाई पढ्न मात्र नभई नाच्न, गाउन र रमाइलो गर्न धेरै मन पर्छ । कृषा हरेक शनिबार आफ्नो समुदायमा भएको असल छिमेकी नेपालद्धारा संचालित बाल क्लबमा जानुहुन्छ । बाल क्लबमा हरेक पटक नाच्ने गाउने मात्र नभइ नयाँ ज्ञानमा कुराहरु सिक्ने अवसरहरु पाउनुहुन्छ । **"हालै हामीले आगलागीबाट बच्ने तरिकाहरु सिक्ने मौका पायौं । जुन कुरा हामी बच्चा भनेर धेरैले सिकाउन खोज्दैनन् । म मेरो परिवारको लागि प्रायजसो खाना पकाउने गर्छु जसले गर्दा आगो सँग खेल्न पर्ने हुन्छ र यस्तो खालको समस्या नहोला भन्न सकिन्न । यस प्रकारको शिक्षाले हामीलाई हाशियार हुन सिकाएको छ ।"** – कृषा राई

# आन्तरिक र बाह्य अनुगमन तथा मूल्याङ्कनका साथै अन्य कार्यक्रमका झलकहरु :



सरकारी निकायबाट अनुगमन



सरकारी निकायबाट अनुगमन



पाल्हीनन्दन गाउँपालिका प्रमुखसँग भेटघाट तथा छलफल




दातृ निकायका लागि सम्मेलन आयोजना



कार्यकरिणी समितिबाट कास्कीमा भएका विद्यालय अनुगमन



परियोजनाबारे अभिमुखिकरण



दातृ निकायसँग परियोजना बारे छलफल



दातृ निकायको प्रतिनिधिबाट विरुवा वितरण

# कोषाध्यक्षको प्रतिवेदन



**प्रकाश क्षेत्री**
कोषाध्यक्ष

यस सभाका आदरणीय सभाध्यक्ष ज्यू, प्रमुख अतिथी ज्यू र संस्थाका सहपाठी तथा साझेदार महानुभावहरू,

आजको साधारण सभामा यहाँहरूलाई हार्दिक स्वागत गर्दै, यस असल छिमेकी नेपालको आ.व. २०८०/८१ को वित्तीय स्थिति र प्रगतिका बारेमा संक्षिप्त प्रस्तुती गर्न पाउँदा खुशी लागेको छ । यस वर्ष हामीले विभिन्न चुनौतीह( रूलाई अवसरमा परिणत गर्दै आफ्ना वित्तीय लक्ष्यहरू पूरा गर्नुको साथै प्रभावकारी रूपमा कार्यक्रमहरू सञ्चालन गर्न सफल भएका छौं । दाताहरू र साझे दारहरूको सहयोगबाट प्राप्त आम्दानीलाई उपलब्ध श्रोत र साधनको प्रभावकारी उपयोगले संस्थाका लक्षित समुदायहरूमा सकारात्मक प्रभाव पारेको छ ।

यस वर्ष पनि संस्थाले आफ्ना नियमित परियोजना सञ्चालनको साथ साथै जाजरकोट केन्द्र बिन्दु बनाई मिति २०८० मंसिर २४ गते गएको भूकम्पमा भएको ठूलो धनजनको राहत स्वरूप जाजरकोटको नलगाढ नगरपालिका, बारेकोट गाउँपालिका र रूकुम पश्चिमको आठबिसकोट नगरपालिकाको भग्नावशेष स्थल मै गएर रू. ९३,५०,७२७(त्रियानब्बे लाख पचास हजार सात सय सत्ताइस रूपैंया) बराबरको राहात सहयोग प्रदान गर्न सफल रह्यो । साथै रूकुम पश्चिमको आठबिसकोट नगरपालिकामा गएको बाढी र पहिरोबाट प्रभावित ८५३ घरपरिवारलाई रू. ५४,९३,४७० (चवन्न लाख त्रियानब्बे हजार चार सय सत्तरी रूपैंया) को राहात सहयोग तथा निर्माण सम्बन्धि सिपमुलक तालिम प्रदान गरियो । विपद् ब्यवस्थापन तथा सहयोग कार्यक्रममा हाम्रा कर्मचारीहरूको अथक परिश्रम अत्यन्त सर्हायनिय रहेको छ । त्यसैको फल स्वरूप असल छिमेकी नेपाल आज संस्थाले कार्य गरेका क्षेत्रहरूमा असल छिमेकी कै रूपमा परिचित र स्थापित भएको छ ।

यस आ.व. मा समुदाय सशक्तिकरण, जिविकोपार्जन विकास तथा स्वास्थ्य प्रबद्धन, यूवा लक्षित सीप तथा क्षमता अभिवृद्धि, लागु औषधमा फसेका महिलाहरुको लागि नवजीवन, अपाङ्गता केन्द्रित कार्यक्रम, शैक्षिक गुणस्तर अभिवृद्धि साथै विपद प्रतिकार्य लगाएतका परियोजनाहरू सम्पन्न गरियो । उक्त परियोजनाहरूमा जम्मा रू. ७,३७,०५,६४५ (सात करोड सैतिस लाख पाँच हजार छ सय पैंतालिस रूपैंया) खर्च भयो (प्रशासन खर्च समेत) । त्यसै गरी आगामी आ.व. २०८१/८२ का निम्ति उपरोक्त परियोजनाहरूको निरन्तरताको साथै सामाज कल्याण परिषद्मा पेश गरिएका साथै पेश गरिने थप केही नयाँ परियोजनाहरू सहित जम्मा रू. ९,५२,२९,५७३ (नौ करोड बाउन्न लाख उनन्तिस हजार पाँच सय त्रिहत्तर रूपैंया) को बजेट तय गरी कार्यक्रम योजना गरिएको छ ।

संस्थालाई आजको अवस्थासम्म ल्याइ पु¥याउनका लागि साथ सहयोग र प्रार्थना गरिदिनुहुने संस्थाका आदरणीय सल्लाहकार ज्यूहरू, कार्यकारिणी समिति, अभिभावकत्व दिनुहुने पोखरेली ख्रीष्टिय समुदाय, साधारण सदस्य ज्यूहरू, सहयोगी संघसंस्था, क्लब, स्थानिय निकाय, समाज कल्याण परिषद अहोरात्र खटिने कर्मचारी साथीहरू लगाएत सम्पूर्ण प्रति हार्दिक नमन व्यक्त गर्दछु ।

यस बर्ष अधिवेशन पनि भएको हुँदा वर्तमान परिवेशमा संस्थाको सुनौलो भविष्य, प्रगति र प्रभावकारिता निश्चित गर्नका लागि संस्थालाई थप योगदान पुर्याउन सक्ने सक्षम कार्यकारिणी समितिको चयन यहाँहरूले गर्नु हुनेछ भन्ने आशार प्रार्थना सहित बिदा हुन्छु ।

धन्यवाद ।

**RUDRA & ASSOCIATES**
**Registered Auditors**

*Address : Pokhara 12, Ranipauwa*
*Phone No. 9846032299*

---

**INDEPENDENT AUDITOR'S REPORT**

**Of Asal Chhimekee Nepal**

**Report on the Audit of the Financial Statements**

**Opinion**

We have audited the accompanying financial statements of Asal Chhimekee Nepal**,** which comprise the Statement of Financial Position as at Ashad 31, 2081, (July 15, 2024), the Statement of Profit or Loss, the Statement of Change in Reserve Fund and the Statement of Cash Flows for the year then ended on that date, and a summary of the significant accounting policies and other explanatory information (hereafter referred to as "the financial Statements").

In our opinion and to the best of our information and according to the explanations given to us, the aforesaid the financial statements presents fairly, in all material respects, the financial position of the Organisation, as at Ashad 31, 2081 (July 15, 2024), and its financial performance, changes in equity, cash flows for the year then ended, and a summary of significant accounting policies and other explanatory information, in accordance with Nepal Accounting Standards for Not-for-Profit Organizations and comply with Company Act, 2063, and other prevailing laws.

**Basis for Opinion**

We conducted our audit of the financial statements in accordance with Nepal Standards on Auditing (NSAs). Our responsibilities under those Standards are further described in the Auditor's Responsibilities for the Audit of the Financial Statements section of our report. We are independent of the Organisation in accordance with the Handbook of The Code of Ethics for Professional Accountants issued by The Institute of Chartered Accountants of Nepal (ICAN), and we have fulfilled our other ethical responsibilities in accordance with the ICAN's Handbook of The Code of Ethics for Professional Accountants. We believe that the audit evidence we have obtained is sufficient and appropriate to provide a basis for our audit opinion on the financial statements.

**Key Audit Matters**

Key audit matters are those matters that, in our professional judgment, were of most significance in the audit of the financial statements of the current period. These matters were addressed in the context of the audit of financial statement as a whole, and in forming the auditor opinion thereon, and the auditor does not provide a separate opinion on these matters.

We have determined that there are no any key audit matters to communicate in our report.

Rudra & Associates
Registered Auditors
COP No: 2??8 B

## ASAL CHHIMEKEE NEPAL
### STATEMENT OF FINANCIAL POSITION
As at 31 Ashad 081 (15th July 2024)

Figures in NPR

| Particulars | Notes | 31 Ashad 081 | 31 Ashad 080 |
|---|---|---|---|
| **ASSETS** | | | |
| **Non - Current Assets** | | **21,102,075** | **22,998,507** |
| Property, Plant and Equipment | 4 | 21,102,075 | 22,998,507 |
| Intangible Assets | 5 | - | - |
| Investment Properties | | - | - |
| Other Noncurrent Assets | | - | - |
| **Current Assets** | | **87,641,106** | **62,121,623** |
| Inventories | | - | - |
| Investment | 6 | 25,000,000 | 23,000,000 |
| Account Receivable | 7 | 1,036,895 | 713,643 |
| Cash and Cash Equivalents | 8 | 61,604,211 | 38,407,980 |
| **Total Assets** | | **108,743,181** | **85,120,131** |
| **LIABILITIES & RESERVES** | | | |
| **Accumulated Reserves** | | **95,374,464** | **69,720,204** |
| Unrestricted Funds/Accumulated Surplus | 9 | 64,360,314 | 54,352,029 |
| Restricted Funds | 10 | 31,014,151 | 15,368,175 |
| Designated Funds | 11 | - | - |
| Other Capital Reserves | 12 | - | - |
| **Non - Current Liabilities** | | **2,736,342** | **3,398,833** |
| Loans and Borrowings | | - | - |
| Employee Benefit Liabilities | 13 | 648,531 | 452,513 |
| Deffered Revenue | 14 | 2,087,811 | 2,946,320 |
| Other Non-Current Liabilities | 15 | - | - |
| **Current Liabilities** | | **10,632,375** | **12,001,093** |
| Loans and Borrowings | | - | - |
| Accounts Payable | 16 | 10,632,375 | 12,001,093 |
| Income Tax Payable | | - | - |
| **Total Liabilities and Reserves** | | **108,743,181** | **85,120,131** |

*The Notes on accounts form an integral part of the financial statements.*

Date : 2081.04.31

Place : Pokhara

As per our report of even date

Nabin Gurung
Finance Officer

Rajendra Kumar Adhikari
Executive Director

Prakash Chhetri
Treasurer

Prakash Gharti
Secretary

Bharat Bahadur Gurung
Chairman

Rudra Kumar Shrestha
Rudra & Associates
Registered Auditors

## ASAL CHHIMEKEE NEPAL
### STATEMENT OF INCOME & EXPENDITURE
For the Year Ended 31 Ashadh 2081 (15th July 2024)

Figures in NPR

| Particulars | Notes | FY 2080-081 | FY 2079-080 |
|---|---|---|---|
| **INCOME** | | | |
| Incoming Resources | 17 | 82,156,249 | 64,878,494 |
| Financial Income | 18 | 3,454,113 | 4,299,169 |
| Other Income | 19 | - | 22,514 |
| **Total Income** | | **85,610,363** | **69,200,177** |
| **EXPENDITURE** | | | |
| Staff Cost/Expenses | 20 | 2,139,610 | 3,061,969 |
| Program Expenses | 21 | 71,207,339 | 63,430,676 |
| General Administrative Expenditure | 22 | 358,696 | 629,826 |
| Depreciation | 23 | 1,896,433 | 1,296,626 |
| Other Expenditure | | | - |
| **Total Expenditure** | | **75,602,078** | **68,419,098** |
| **Net surplus/(deficit) before Taxation** | | 10,008,285 | 781,079 |
| Income Tax Expenses | | - | - |
| **Surplus/(Deficit) For The Year** | | **10,008,285** | **781,079** |
| **Appropriation Of Surplus For The Year** | | | |
| Allocation to Reserves | | 10,008,285 | 781,079 |
| Allocation to Endownment Fund | | | |

*The Notes on accounts form an integral part of the financial statements.*

Nabin Gurung
Finance Officer

Rajendra Kumar Adhikari
Executive Director

Prakash Chhetri
Treasurer

Prakash Gharti
Secretary

Bharat Bahadur Gurung
Chairman

Rudra & Associates, Registered Auditor, COP No.

Rudra Kumar Shrestha
Rudra & Associates
Registered Auditors

असल छिमेकी नेपाल
Asal Chhimekee Nepal

**ASAL CHHIMEKEE NEPAL**
**STATEMENT OF CASH FLOWS**
For the Year Ended 31 Ashadh 2081 (15th July 2024)

Figures in NPR

| Particulars | 31 Ashad 081 | 31 Ashad 080 |
|---|---|---|
| **CASH FLOWS FROM OPERATING ACTIVITIES** | | |
| Surplus/(deficit) for the year (Before Tax) | 10,008,285 | 781,079 |
| **Adjustments to reconcile surplus/(deficit) to net cash flows:** | | |
| Depreciation and impairment of PPE | 1,896,433 | 1,296,626 |
| Amortization and impairment of intangible assets | - | - |
| Provision and losses on inventories | | |
| Movement in provisions, receivables and specific risks | | - |
| Losses/ (gains) on securities | | |
| Movement in Restricted Fund | 15,645,975 | (10,408,669) |
| **Working capital adjustments:** | | |
| Account receivable | (323,252) | (81,785) |
| Inventories | - | - |
| Other Financial assets | (2,000,000) | 10,000,000 |
| Account payable | (1,368,719) | 7,391,082 |
| Employee Benefit Liabilities | 196,018 | 214,602 |
| Accrued expenses and deferred Revenue | (858,510) | 2,946,320 |
| Other financial liablities | | |
| Less: | | |
| Income Tax paid | - | - |
| Interest paid | | |
| **Net cash from/(used in) operating activities** | 23,196,231 | 12,139,255 |
| | | |
| **CASH FLOWS FROM INVESTING ACTIVITIES** | | |
| Purchase of Property Plant and Equipment | - | (5,560,968) |
| Purchase of intangible assets | - | - |
| Purchase from sale of equipment | | |
| Purchase of securities | | |
| Interest received | | |
| Income from securities, net | | |
| **Net cash from/(used in) investing activities** | - | (5,560,968) |
| | | |
| **CASH FLOWS FROM FINANCING ACTIVITIES** | | |
| Borrowing of government loans | | |
| Repayments of government loans | | |
| Net cash from/(used in) financing activities | | |
| **NET INCREASE/(DECREASE) IN CASH AND CASH** | - | - |
| | | |
| **Cash and Cash Equivalents At 01 Shrawan 2080** | 38,407,980 | 31,829,692 |
| **Cash and Cash Equivalents At 31 Ashadh 2081** | 61,604,211 | 38,407,980 |

The Notes on accounts form an integral part of the financial statements.

असल छिमेकी नेपाल
Asal Chhimekee Nepal

Rudra & Associates
Registered Auditor
COP No. 1518"B"

# आ. व. २०८०–८१ मा सर्पोट विभागका क्रियाकलाप

यस आ. व. २०८०–८१ मा यस संस्थाको प्रशासनिक विभागले विभिन्न कार्यहरु गरि संस्थाको प्रभाकारीता, पारदर्शिता र कार्य क्षमतामा सुधार ल्याउन सघाएको छ । यस वर्ष संस्थाको आन्तरिक व्यवस्थापन प्रणालीलाई अझ राम्रो गर्न केहि नीतिहरुमा समय सापिक्षित केहि अध्यावधिक गरेको छ ।

यस वर्ष संस्थाको प्रशासनिक विभागले अनुगमन तथा मूल्याङ्कन विभाग सँग सम्वय गरि कर्मचारीहरुको क्षमता अभिबृद्धिका लागि विभिन्न कार्यक्रमहरुको आयोजना गरेको छ । यसमा परियोजना तथा वित्तीय अभिलेख बारे थप अभिमुखिकरण, रिर्पोटिङ ढाँचा, फोटो कसरी लिने, कथाहरु कसरी प्रभाकारी रुपमा लेख्ने जस्ता क्रियाकलापहरु समावेश गरिएको थियो । जसले कर्मचारीहरुको दक्षता बृद्धिकार्य क्षमतामा सुधार गर्न सघाएको छ । कार्यकारी समितिले कास्कीमा रहेका परियोजनाहरुको २ दिने अनुगमन कार्य पनि सम्पन्न गरिएको छ ।

हरेक परियोजना तयारी गर्दा बजेट निमार्णमा सहभागिता जनाएको छ । त्यस बजेटलाई प्रभावकारी रुपमा कार्यान्वयन आवश्यक अनुगमन प्रणालीमा पनि सुधार गरेको छ । मासिक रुपमा समयमा नै कर दाखिलागरि अनलाइन प्रविधिबाट अभिलेखिकरण गर्ने गरिएको छ । हरेक वर्ष झै यस वर्ष पनि आर्थिक कारोबारहरु चुस्त दुरुस्त राख्नको लागि सफ्टवयरलाई अपडेट गर्ने कार्य गरिएको छ । जसले गर्दा परियोजनाहरुको वित्तीय स्थिति विश्लेषण गर्न सहजता भएको छ । यस वर्ष संस्थाको कार्यकारी समितिको बैठक ५ ओटा र सर्पोट समितिको बैठक ३० ओटा सम्पन्न गर्नका लागि आवश्यक व्यस्थापन गरेको छ । यस वर्ष संस्थाको आन्तरिक लेखा परिक्षण (Internal Audit) साथै २ ओटा परियोजनाहरुको Project Audit गर्ने काम सम्पन्न गरेको छ ।

हरेक वर्ष झै यस वर्ष पनि वित्तीय विभाग अन्तरगत नियमित बैंक खाता तथा मुद्दती खाता व्यवस्थापन गरिएको छ । प्रशासन विभाग अन्तरगत खरिद प्रकृयालाई अझ व्यवस्थीत गरिएको छ । कर्मचारीहरुको सामाजिक सुरक्षा कोष तथा नागरिक लगानी कोषको व्यवस्थापनमा पनि सुधार गरिएको छ । करारमा रहेका कर्मचारीहरुको सात लाख बराबरको दुर्घटना विमाको व्यवस्थापन गरेको छ । आ.ब. २०८०–८१ गरिएका यी प्रशासकिय प्रयासले संस्थाको समग्र प्रभावकारीतामा सुधार ल्याउने र संस्थाका उद्धेश्य प्राप्तिमा थप सहयोग प्रदान गरेको छ ।



## योजना, अनुगमन, मूल्याङ्कन तथा सञ्चारः

संस्थाको परियोजनाहरू, वित्तिय कारोवार तथा विभिन्न क्षेत्रको सञ्चालनमा प्रभावकारी तथा मितव्ययी रूपमा कार्यान्वयन गरिएको र संस्थाको उद्देश्य प्राप्तिमा योगदान पुग्ने गरी कार्यक्रम योजना तर्जुमा र कार्यान्वयनको सुनिश्चित गर्न यस वर्ष पनियोजना, अनुगमन, मूल्याङ्कन तथा सञ्चार विभागले कार्य गरी सपोर्टको भूमिका निर्वाह गरेको छ । आर्थिक वर्ष २०८०/८१मा सञ्चालन भएका परियोजना तथा कार्यक्रमहरू प्रारम्भिक योजनाको समय देखि कार्यान्वयनसँगै समापनसम्म स्थानीय निकाय र समुदायसँग समन्वय, सहभागिता र स्वीकृतिका लागि सबै चरणमा संयोजन गर्ने कामका टिमले मुख्य जिम्मेवारी लिई कार्य गऱ्यो ।

परियोजनाको योजना गर्दा तय गरिएका सूचक र मापदण्ड अनुरूप काम भए–नभएको सुनिश्चित गर्न कार्यक्रमको स्थलगत अनुगमन र अवलोकलनबाट प्राप्त जानकारी बमोजिम आवश्यक सल्लाह सुझाव दिने काम भयो । यस वर्ष कार्यकारिणी समितिले कास्कीमा सञ्चालन भइरहेका परियोजनाहरूको स्थलगत अवलोकन तथा अनुगमन गर्नुभयो । त्यस्तै गरी, सबै परियोजना तथा विभागमा सञ्चालन भइरहेका कार्यहरूको मासिक समिक्षा गर्ने र बैठकमा सिकाइ तथा चुनौति समेत छलफल नियमित रूपमा गरिन्छ । विभिन्न समयमा गरी संस्थाको कार्यस्थलमा गई विभागले यस वर्ष दस पटकभन्दा बढी स्थलगत अनुगमन गरेको थियो ।

त्यसै गरी त्रैमासिक रूपमा कार्यक्रमहरूको विवरण सहितको न्यूजलेटर, कार्यक्रमहरूको सफलताको कथा, समय–समयमा विभिन्न प्रतिवेदन तयार गर्ने, वेबसाइट अध्यावधिक गर्ने र विभिन्न निकायहरूसँग समन्वय र नेटवर्किङ्ग गर्ने जस्ता कामहरू पनि गरी कार्यक्रम र परियोजनाहरूलाई सपोर्ट गऱ्यो ।

**गत वर्षका केही कार्यहरूको संक्षिप्त विवरण तपसिल बमोजिम रहेका छन्:**

- परियोजनाको अवधारणा पत्र साथै प्रस्तावना र बजेट तयार गर्ने ।
- दातृ निकाय तथा समाज कल्याण परिषद्‌बाट परियोजना स्वीकृत गर्ने ।
- तथ्याङ्क, अन्य सूचनामूलक सामाग्री र कागजातको व्यवस्थापन ।
- संस्थाको कार्यहरूको विभिन्न जानकारी मूलक सामाग्री तयार गर्ने ।
- वेबसाइट डिजाइन तथा अनलाइन मिडियाको नियमित अद्यावधिक गर्ने ।
- कार्यक्षेत्र तथा समुदायसँग बैठक तथा भेटघाट ।
- आन्तरिक तथा बाहृय अनुगमन ।
- समाज कल्याण परिषद्‌बाट परियोजनाको अन्तिम अनुगमन/मूल्यांकन
- स्थानिय निकायबाट अनुगमन
- दातृ निकायबाट अनुगमन
- स्थानिय तथा बाहृय निकायसँग समन्वय
- परियोजनाको अद्यावधिक, आवधिक तथा वार्षिक प्रतिवेदन तयार गर्ने

**यस वर्ष कार्यक्रम सञ्चालन गर्दा आएका चुनौतिहरू**

- सीमित बजेट तर समुदायको अधिक माग ।
- समुदायको दिगो विकासमा केन्द्रित रही संस्थाको कार्यलाई निरन्तरता दिइरहनुपर्ने ।
- विद्यार्थीहरू पढाइ नसक्दै बिच मै छोड्दा अपेक्षा गरे अनुसार उपलब्धि प्राप्त गर्न कठिनाई ।
- विपद प्रतिकार्यको समयमा निरन्तर चलिरहेका परियोजनाहरूको सही समय व्यवस्थापन गर्न कठिनाइ ।
- समयको माग अनुसार संस्थाको प्रविधिसँग अद्यावधिक हुन कठिनाइ ।

**यस वर्ष कार्यक्रम सञ्चालन गर्दा भएका सिकाइहरूः**

- कार्य व्यवस्थापन तथा कार्य विभाजन गरी कार्य गर्नुपर्ने ।
- मानव संशाधन परिचालनः जिम्मेवारी र भूमिका ।
- जोखिमपूर्व अनुमान र आवश्यक वैकल्पिक व्यवस्था योजना ।
- अन्तर विभाग र अन्तर परियोजना बीचको समन्वय ।
- विपद् प्रतिकार्यको काम तुरून्तगर्नुपर्ने ।

**आगामी वर्षका लागि लक्ष्य :**

- संस्थाको कार्यालय भवन तथा समुदाय सेवा केन्द्र भवन निर्माण ।
- रणनैतिक कार्ययोजनाको विकास ।
- प्रक्रिया तथा व्यवस्थित प्रणालीमा आधारित कार्ययोजना गर्नुपर्ने ।
- नवजीवन परियोजनाको पुनरवालोकन ।

## आर्थिक वर्ष २०८१/८२ का लक्षित कार्यक्रम योजना तथा अनुमानित बजेटको संक्षिप्त विवरणः

| क्र.सं. | परियोजना | कार्यक्षेत्र | बजेट रकम (रू) |
|---|---|---|---|
| १ | विपद् पुनर्स्थापना तथा युवाहरूका लागि सीप विकास सहयोग परियोजना | तनहुँ | ८४८,७४५ |
| २ | निर्माण सम्बन्धी सिप विकास : भूकम्प प्रतिकार्य – तेस्रो चरण | रूकुम पश्चिम, जाजरकोट | ९६४,८०० |
| ३ | समुदाय सशक्तिकरण तथा शैक्षिक विकास सहयोग परियोजना | कास्की, नवलपरासी पश्चिम | २०,५३९,५२९ |
| ४ | गोरखा शैक्षिक गुणस्तर अभिवृद्धि परियोजना | गोरखा | २,८००,००० |
| ५ | नवजीवन परियोजना | कास्की | ४,९७२,००० |
| ६ | विपद प्रति कार्य तथा जीविकोपार्जन विकास परियोजना | कास्की, गोरखा, म्याग्दी, रूकुम पश्चिम | ११,३०७,३९१ |
| ७ | बाग्लुङ विपद प्रतिकार्य परियोजना | बाग्लुङ | ५,९७९,००० |
| ८ | भूकम्पबाट प्रभावितलाई पुनर्निर्माण सहयोग : भूकम्प प्रतिकार्य – चौंथो चरण | जाजरकोट, रूकुम पश्चिम | १५,२००,००० |
| ९ | बाढी तथापहिरो प्रतिकार्य परियोजना | आवश्यकता अनुसार | १०,०००,००० |
| १० | सेतो ढुङ्गा शहरी स्वास्थ्य क्लिनिक निर्माण परियोजना | म्याग्दी | ४,७२५,००० |
| ११ | युवा लक्षित सीप अभिवृद्धि परियोजना | कास्की, नवलपरासी पूर्व | ९,५९७,८४१ |
| १२ | किशोरकिशोरीहरूमा लागूपदार्थ दुरुपयोग प्रतिरोध निर्माण परियोजना | कास्की, नवलपरासी पूर्व | १,५००,००० |
| १३ | अपाङ्गता क्षमता अभिवृद्धि परियोजना | कास्की, गोरखा | २,८००,००० |
| १४ | युवाहरूको रोजगारी क्षमता र उत्पादकत्व अभिवृद्धि परियोजना | नवलपरासी पूर्व | ३,९९५,२६६ |
| | | कुल रकम | ९५,२२९,५७३ |

## आर्थिक वर्ष २०८१/८२ का लागि अपेक्षित आय विवरणः

| क्र. सं | आय स्रोत | रकम (रू) |
|---|---|---|
| १ | बाह्‍य स्रोत | ९४,७३२,७७३ |
| २ | आन्तरिक स्रोत | ४९६,८०० |
| | कुल रकम | ९५,२२९,५७३ |

# पत्रपत्रिकामा प्रकाशित समाचारहरु



## ACKNOWLEDGEMENT TO ALL OUR FUNDING PARTNERS AND SUPPORTERS FOR FY 2080/81

CGK diaconaat

dai

gzb

HADA

inf UK

INTERNATIONAL NEPAL FELLOWSHIP AUSTRALIA

INTERNATIONAL NEPAL FELLOWSHIP NEPAL

SAM global

Woord en Daad

bijzondere noden – handen van de kerk

Forum Wiedenest – Christliche Impulse für Gemeinden. Weltweit.

World concern – witness the transformation

peace winds

Föreningen Nepals Vänner - Friends of Nepal

GLOBAL CARE Kinderhilfswerk – direkt, persönlich, weltweit

humedica – INTERNATIONALE HILFE

coworkers

kerk in actie

The Transformation Fellowship – CHRISTIANITY 2.0

SHANTI CHARITABLE TRUST | SEED OF HOPE

## OTHER ORGANIZATIONS, CHURCHES, FAMILIES AND INDIVIDUALS

## APPROVAL AND COORDINATION







असल छिमेकी नेपाल
Asal Chhimekee Nepal















## ASAL CHHIMEKEE NEPAL
# ANNUAL REPORT
# 2023/24


P.O. Box No. 263
Pokhara-1, Simpani

061-527515
061-584159

info@acn.org.np


For our stories and news, please visit :
**www.acn.org.np**

Find us :